| क्र. सं. | जन्म | | | बिवाह | बसाइसराई सदस्य संख्या | | | मृत्यु | | | स.वि. | कुल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | जम्मा | आएको | जाने | जम्मा | महिला | पुरुष | जम्मा | जम्मा | |
| | ३५१ | ३७६ | ७२७ | २६२ | ७ | १३ | २० | ७६ | ८८ | १६४ | ३ | ११७६ |

### आ. सामाजिक सुरक्षा वितरण सम्बन्धी आ.व. २०८२/०८३ को चौथो त्रैमासिक विवरणः

| सा.सु. वर्ग | प्रथम त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | संख्या | संख्या | रकम | | |
| अन्य जेष्ठ नागरिक भत्ता | ४३४५ | ५२१००९०१ | ४३३४ | ५१८१२८११ | ४२९९ | ५१३६४१९५ | ४२०२ | ५०५२३२०० |
| जेष्ठ नागरिक भत्ता (दलित) | ३६० | २८४६२०० | ३६८ | २९२०६८० | ३७० | २९४२३१५ | ३७४ | २९५९२०७ |
| जेष्ठ नागरिक एकल भत्ता | ३२६ | २५७७५४० | ३५५ | २८०७४५३ | ३५३ | २८१४२८० | ३५२ | २८०३६४० |
| विधवा | ७५७ | ५९८९४६२ | ७६३ | ६०४३९७९ | ७८७ | ६२३३११४ | ८१३ | ६४०२६२० |
| पूर्ण अपाङ्ग भत्ता | २३५ | २८१२९५० | २४६ | २८८११७९ | २५० | २९५८८५६ | २५६ | ३०५२८८२ |
| अति अशक्त अपाङ्गता भत्ता | २३० | २०३५२९९ | ३३५ | २०९२११८ | ३४५ | २१७९०७२ | ३४५ | २२०८८६४ |
| दलित बालबालिका | ५८४ | ८९९१८१ | ६२७ | ९६५५०८ | ६४२ | ९७७६२१ | ६४२ | ९८५६१६ |
| लोपन्मुखजाति | ३२ | ३८३०४० | ३२ | ३८३०४० | ३२ | ३८३०४० | ३४ | ३९१०२० |
| **जम्मा** | **६९५९** | **६९६४४५७३** | **७०६०** | **६९९०६७६८** | **७०७८** | **६९८५२४९३** | **७०१८** | **६९३२७०४९** |

## ठ. राजस्व उपशाखाः

### क. कार्यक्रमहरुः

- सुकन्या बेटी बचाउ बेटी पढाउ अभियानमा सहभागी संख्या ३६०
- मेयर कन्या विवाह योजनाबाट लाभान्वन्वित संख्या ७७
- व्यवसाय दर्ता तर्फ नयाँ दर्ता संख्या १७३

### ख. आन्तरिक राजस्व सम्बन्धी विवरणः

| क्र.सं. | कार्यालय | राजस्व |
|---|---|---|
| १ | लुम्बिनी साँस्कृतिक नगरपालिका,लुम्बिनी, रुपन्देही | ५१८२७०४१.२८ |
| २ | लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं.१ | ७८०८१८.९८ |
| ३ | लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं.२ | ७३०४४५ |
| ४ | लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं.३ | ११२७३७१.७५ |
| ५ | लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं.४ | १६५५६८३.०५ |
| ६ | लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं.५ | ६२९३५८.९० |
| ७ | लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं.६ | १०३४३९३.७५ |
| ८ | लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं.७ | ६९२१६७.५१ |
| ९ | लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं.८ | ४५९७७४.६५ |
| १० | लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं.९ | १११६१९२.३२ |
| ११ | लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं.१० | १३१७९६४.४० |
| १२ | लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं.११ | ९४४५४८.५० |
| १३ | लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं.१२ | १२२६२२९.९० |
| १४ | लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं.१३ | ६११५४९.३५ |
| जम्मा | | ६४१५३५३९.३४ |

## ङ. महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा

**अ. अपाङ्गता परिचय पत्र वितरणः**

क. वर्ग-५

ख. वर्ग-५

ग. वर्ग-१

**जम्मा-११ वटा**

**आ. आ.व.२०८२/०८३ मा वितरण गरिएका अपाङ्ग परिचय पत्र संख्याः-**

क वर्गः३१

ख वर्गः३६

ग वर्गः११

घ वर्गः१

**जम्माः-७९**

**ढ. श्रम,रोजगार तथा उद्यम विकास शाखाः चौमासिक विवरणः(सामि परियोजना /राष्ट्रिय रोजगार कार्यक्रम/उद्यम विकास कार्यक्रम)**

| क्र. सं. | शाखा/कार्यक्रम | | |
|---|---|---|---|
| | **राष्ट्रिय रोजगार कार्यक्रम** | **उद्यम विकास शाख** | **सामी परियोजना** |
| १ | श्रमिकहरुको ज्याला रकम विद्युतिय माध्यमबाट ज्याला रकम भुक्तानी गरिएको। | सम्भावयता उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्नका लागि कम्तिमा ५ जानको समूहमा प्रविधि हस्तान्तरण | सुरक्षित वैदेशिक रोजगारीमा जानको लागि सुरक्षित वैदेशिक रोजगारी सम्वन्धि जनचेतना कार्यक्रम |
| २ | राष्ट्रिय रोजगार कार्यक्रम तर्फ प्राथमिकता क्रमको आधारमा १८ जनालाई रोजगारीमा खटाइएको | आवश्यकता पहिचालनका आधारमा पुनर्ताजगी र एणभान्स सीप विकास तालिम कार्यक्रम | |
| ३ | हकवालालाई क्षतिपूर्तिको निवेदन वैदेशिक रोजगार बोर्डमा पठाईएको | नयाँ लघु उद्यमी सिर्जना कार्यक्रम | |
| ४ | वैदेशिक रोजगारीको लागि विदेशमा गई मृत्यु भएका व्यक्तिको । | | |
| ५ | श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम संचालन गरिएको। | | |
| ६ | आन्तरिक रोजगारी प्रवर्द्धनका लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई उद्दमशिलता प्रवद्धन कार्यक्रम | | |

**ण. सामाजिक तथा आर्थिक विकास वन,वातावरण तथा विपद् व्यवस्थापन शाखाः**

**क. दर्ता नविकरण सूचिकृत तर्फः**

अ. टोल विकास संस्था- ११२ वटा

आ. सामाजिक संघसंस्था गत वर्ष एवम् नयाँ- ३३

इ. सामाजिक संघसंस्था नविकरण- ९

**ख. सरसफाई तथा फोहोरमैलाः**

अ. फोहोर संकलनः ५८० टिप्पर

आ. फोहोर वर्गिकरण तथा प्रशोधनः २०० टिप्पर

इ. सरसफाइ कार्ड सदस्यताः ७७ वटा

**ग. योजना कार्यक्रमः**

अ. कार्यक्रम सम्झौता तथा सम्पन्नः २७ वटा

**घ. विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन तर्फ चौथो त्रैमासिकः**

अ. चटयाग जन्य दुर्घटनाः २ जना

आ. आगलागीः १ जना

इ. डुबेरः १ जना

**त. पर्यटन तथा समन्वय शाखाः**

**समन्वय, सम्बन्ध विस्तार, सहकार्य र सहयोग एवं अनुभव आदानप्रदान**

नेपाली र विश्व नागरिकका लागी ऐतिहासिक धार्मिक र पर्यटकीय गन्तव्य बुद्ध जन्मस्थल लुम्बिनी र बुद्ध परिपथ (बुद्ध क्षेत्र) को पर्यटन प्रवर्द्धन र विकासमा सहकार्य गर्ने, विश्व शान्तिका लागि बुद्धको शान्ति सन्देश र मार्गदर्शन राष्ट्रिय अन्तराष्ट्रीय स्तरमा प्रचार प्रसार गर्ने, संस्थागत सम्बन्ध विस्तार गर्ने, लुम्बिनी साँस्कृतिक नगरपालिका सँग संस्थागत सम्बन्ध कायम भएका राष्ट्रिय अन्तराष्ट्रिय नगरपालिका/ CITY. सहकार्य संस्था, बुद्ध परिपथको पर्यटन प्रर्वद्धनमा काम गर्ने संघ संस्था सँग समन्वय, सम्बन्ध विस्तार र सहकार्य गर्ने गरी लुम्बिनी साँस्कृतिक नगरपालिकाको नेतृत्वमा बिभिन्न कार्यक्रम हुदै आएका छन् ।

यसमा बुद्ध क्षेत्रका पाँच नगरपालिका लुम्बिनी साँस्कृतिक नगरपालिका, कपिलवस्तु नगरपालिका, रामग्राम नगरपालिका, देवदह नगरपालिका र तिलोत्तमा नगरपालिका बीच प्रत्यक्ष सहकार्य हुदै आएको छ । लुम्बिनी साँस्कृतिक नगरपालिका पर्यटन तथा समन्वय शाखा २०८२ चैत्र देखी २०८३ श्रावण १५ सम्म सम्पन्न कार्यक्रमको प्रतिवेदन निम्नानुसार पेश गरेको छु

**१. जिल्ला स्तरीय घुम्ती समन्वय बैठक सम्पन्न ।**

मिती २०८३/०४/११ गतेका दिन जिल्ला समन्वय समिती र रुपन्देही जिल्लाका १६ स्थानीय तहहरुबिचको ३१ औं घुम्ती समन्वय बैठक लुम्बिनी साँस्कृतिक नगरपालिकाको आयोजनामा लुम्बिनीमा सम्पन्न भएको छ बैठक लुम्बिनी साँस्कृतिक नगरपालिकाका कार्यवाहक नगर प्रमुख कल्पना हरिजनको अध्यक्षता, जि समन्वय समिति प्रमुख उमाकान्त चापागाईंको प्रमुख आतिथ्यता, रुपन्देहीका नगरपालिकाका प्रमुखहरु,गाउँपालिकाका अध्यक्षहरु, नगरपालिकाका उपप्रमुखहरु, प्रमुख जिल्ला अधिकारी श्री विश्वप्रकाश अर्याल, गाउँपालिकाका उपाध्यक्षहरु,जिल्ला स्थित सुरक्षा निकायका प्रमुखहरु, प्रमुख प्रशासकिय अधिकृतहरु, जिल्ला समन्वय अधिकारी, जिल्ला समन्वय समितिका सदस्यहरु तथा अन्य विभिन्न निकायका प्रतिनिधिहरुको आतिथ्यतामा बैठक बसी सम्पुर्ण पालिकाहरुको आ.ब २०८२/८३ को बार्षिक समिक्षा लगायतका विभिन्न प्रस्तावहरुमा गहन छलफल र निर्णय भई घुम्ती बैठक समापन भएको छ ।

उक्त बैठकको स्वागत मन्तव्य लुम्बिनी साँस्कृतिक नगरपालिकाका नि. प्रमुख प्रशासकीय अधिकृत हरि प्रसाद ज्ञवालीले गर्नु भएको थियो भने कार्यक्रम संचालन लु.सा.पा का वरिष्ठ शिक्षा अधिकृत लक्ष्मी पराजुलीले गर्नु भएको थियो ।

**२. वेवी बुद्ध मुर्ति स्थापना ।**

विश्व शान्तिका महान् सन्देशवाहक भगवान् बुद्धको जन्मस्थल लुम्बिनीको गौरव, पहिचान र समृद्धिलाई थप उचाइमा पुर्‍याउने यस महत्वपूर्ण परियोजनाको सफल कार्यान्वनका लागी बुद्ध क्षेत्रका पाँच नगरपालिका लुम्बिनी साँस्कृतिक नगरपालिका, कपिलवस्तु नगरपालिका, रामग्राम नगरपालिका, देवदह नगरपालिका, तिलोत्तमा नगरपालिका र गैर आवासीय नेपाली संघ अन्तराष्ट्रिय समन्वय समिति, गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय समिति अष्ट्रेलिया, Greater Bendigo City, ग्रेट स्तुपा अस्ट्रेलिया बिचको समन्वय र सहकार्यमा ग्रेट स्तुपा परिसरमा वेवी बुद्ध मुर्ति स्थापना परियोजना अगाडी बढेको छ यस परियोजना २०८४ बैशाख भित्र सम्पन्न गर्ने योजना रहेको छ।

यो परियोजनाले लुम्बिनीको धार्मिक, सांस्कृतिक तथा पर्यटकीय महत्वलाई अन्तर्राष्ट्रिय स्तरमा अझ सशक्त रूपमा स्थापित गर्दै स्थानीय विकास, रोजगारी सिर्जना, आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन र समग्र आर्थिक समृद्धिमा महत्वपूर्ण योगदान पुर्याउने छ ।

लुम्बिनीको गौरवलाई विश्वसामु अझ उजागर गर्ने यस अभियानमा संलग्न सम्पूर्ण व्यक्ति, निकाय तथा सहयोगीहरूप्रति हार्दिक बधाई तथा सफलताको शुभकामना।

“लुम्बिनीको विकास, शान्ति, समृद्धि र विश्वमैत्री भविष्यका लागि हाम्रो साझा प्रतिबद्धता।”

* करिब १.९ मिटर (६.२ फिट) अग्लो र १५० किलोग्रामभन्दा बढी तौल भएको बोधिसत्त्व सिद्धार्थको प्रतिमा निर्माण गरी Great Stupa मा स्थापना गर्ने योजना उल्लेख गरिएको छ।

* यस परियोजनाले नेपालको Lumbini लाई भगवान बुद्धको जन्मस्थलका रूपमा विश्वभर अझ प्रभावकारी रूपमा प्रवर्द्धन गर्ने, सांस्कृतिक कूटनीति सुदृढ गर्ने तथा नेपाल—अष्ट्रेलिया सम्बन्धलाई अझ मजबुत बनाउने उद्देश्य राखेको छ।

**३. धार्मिक एवं पर्यटकीय गन्तव्य भ्रमका लागि आव्हानः विश्व शान्तिका महानायक भगवान् बुद्धको जन्मस्थल लुम्बिनी।**

लुम्बिनी केवल एक पवित्र तीर्थस्थल मात्र होइन, यो विश्व शान्ति, करुणा, मैत्री र अहिंसाको अनुपम सन्देश प्रवाह गर्ने मानव सभ्यताको साझा सम्पदा हो। यहाँ भगवान् बुद्धको जन्म भएको पावन भूमिले विश्वभरका श्रद्धालु, पर्यटक, अनुसन्धानकर्ता तथा शान्तिप्रेमीहरूलाई आकर्षित गर्दै आएको छ।

आउनुहोस्, विश्व शान्तिका महानायक भगवान् बुद्धको जन्मभूमि लुम्बिनीको दर्शन गरौं, यसको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्त्वलाई अनुभूति गरौं र शान्ति तथा सहअस्तित्वको सन्देशलाई विश्वभर फैलाऔं।

**४. लुम्बिनी सांस्कृतिक नगरपालिका र धम्माकाय फाउण्डेसन, थाइल्याण्डबीच भेटघाट, छलफल तथा सहकार्यसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न ।**

लुम्बिनी सांस्कृतिक नगरपालिका र धम्माकाय फाउण्डेसन, थाइल्याण्डबीच भेटघाट, छलफल तथा भावी सहकार्यसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

लुम्बिनी सांस्कृतिक नगरपालिकाको सहजीकरण तथा प्राविधिक सहयोगमा, बुद्ध परिपथ अन्तर्गतका नगरपालिकाहरूको सहभागिता र धम्माकाय फाउण्डेसन, थाइल्याण्डको आयोजनामा थाइल्याण्डमा सञ्चालन भएको UG5 & Meditation (26 June – 15 July 2026) शैक्षिक तालिम तथा अध्ययन—अवलोकन

कार्यक्रमको समीक्षा गर्दै आगामी दिनमा सञ्चालन गरिने तालिम, शैक्षिक आदान—प्रदान तथा विभिन्न कार्यक्रमहरूमा आपसी समन्वय र सहकार्यका विषयमा विस्तृत छलफल भएको छ ।

छलफलका क्रममा दुवै पक्षले प्रचलित कानुन तथा संस्थागत प्रक्रियाअनुसार शिक्षा, संस्कृति, पर्यटन, क्षमता अभिवृद्धि तथा अन्य साझा हितका क्षेत्रमा समन्वय र सहकार्य गर्दै अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

कार्यक्रममा लुम्बिनी सांस्कृतिक नगरपालिकाका कार्यबाहक नगर प्रमुख आदरणीय कल्पना हरिजनज्यु, प्रमुख प्रशासकीय अधिकृत आदरणीय तारा ज्ञवालीज्यु, विभिन्न शाखाका शाखा प्रमुखहरू, धम्माकाय फाउण्डेसन, थाइल्याण्डका आदरणीय भन्तेज्यु तथा प्रतिनिधिहरू, लुम्बिनी विकास कोषका पूर्व कार्यकारिणी सदस्य, पर्यटन व्यवसायी एवं समाजसेवी प्रविण शाक्यलज्यु लगायतको उपस्थिति रहेको थियो। कार्यक्रममा सहभागी भई कार्यक्रमलाई सफल बनाउन सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरूमा हार्दिक धन्यवाद ।

मितिः २०८३/०३/२९ गते

लुम्बिनी सांस्कृतिक नगरपालिका

**५, लुम्बिनी होटल संघ नेपाल र वाराणासी टुरिजम गिल्ट विच पर्यटन प्रवर्द्धनमा सहकार्य गर्ने गरी MOU मा हस्ताक्षर सहित तीन दिने कार्यक्रम।**

सहकार्य

- लुम्बिनी साँस्कृतिक नगरपालिका
- लुम्बिनी विकास कोष
- कपिलवस्तु नगरपालिका / लुम्बिनी बौद्ध विश्व विधालय

लुम्बिनी प्रेस क्लब / कान्तिपुर मिडिया/ समता टेलिभिजन परिवार/ बोधि टेलिभिजन आदी ।

**६. प्रदेश समपूरक अनुदान र लुम्बिनी सास्कृतिक नगरपालिकाको बजेटबाट सडक निर्माण कार्यको निरीक्षण तथा अनुगमन सम्पन्न।**

प्रदेश समपूरक अनुदान र लुम्बिनी सास्कृतिक नगरपालिकाको बजेटबाट लुम्बिनी सांस्कृतिक नगरपालिका—२ मा केवटलिया चोकदेखि अर्दौलीसम्मको सडक निर्माण कार्यको स्थलगत निरीक्षण तथा अनुगमन सम्पन्न भएको छ।

यस अवसरमा प्रमुख प्रशासकीय अधिकृत तारा ज्ञवाली, उपसचिव हरि प्रसाद ज्ञवाली, वडा नं. २ का वडा अध्यक्ष ईनामुल्ला फकिर, वरिष्ठ इन्जिनियर आशिष कुमार यादव, ईन्जिनियर सराजुद्धिन खाँ, ईन्जिनियर प्रमोद त्रिपाठी, समन्वयकर्ता तुलसी राम लामिछाने, लगायतको सहभागिता रहेको थियो।

विकास निर्माणका यस्ता पूर्वाधार आयोजनाले स्थानीय नागरिकको आवागमन सहज बनाउनुका साथै समग्र क्षेत्रको आर्थिक तथा सामाजिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिइएको छ।

यस महत्वपूर्ण सडक निर्माण कार्यका लागि वडा नं. २ का सम्पूर्ण जनप्रतिनिधि तथा स्थानीय बासिन्दालाई हार्दिक बधाई तथा शुभकामना ।

बाँकी निर्माण कार्य पनि निर्धारित समयभित्र गुणस्तरीय रूपमा सम्पन्न होस् भन्ने शुभेच्छा ।
मितिः २०८३/०३/२५ गते

**७. पर्यटन प्रवर्द्धन, सम्बन्ध विस्तार तथा सहकार्य सम्बन्धी छलफल एवं अन्तरक्रिया सम्पन्न ।**
लुम्बिनी सांस्कृतिक नगरपालिका र नेपाल-चीन भगिनी नगर मैत्री संघबीच पर्यटन प्रवर्द्धन, आपसी सम्बन्ध विस्तार तथा दीर्घकालीन सहकार्यका विविध विषयमा फलदायी छलफल एवं अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ !!

कार्यक्रममा लुम्बिनी सांस्कृतिक नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री तारा ज्ञवाली, वरिष्ठ प्रशासकीय अधिकृत श्री धर्मेन्द्र बेल्वासे, इन्जिनियर श्री आशिष कुमार यादव, प्रशासन शाखाका श्री शोभाखर पौडेल, समन्वयकर्ता श्री तुलसी राम लामिछाने तथा समाजसेवी श्री चिराक खानको सहभागिता रहेको थियो।
त्यसैगरी नेपाल—चीन भगिनी नगर मैत्री संघका अध्यक्ष श्री दीपक सरकार र संयोजक श्री बबिता रानाभाटको सहभागिता रहेको थियो।
छलफलका क्रममा पर्यटन विकास, सांस्कृतिक आदान—प्रदान, भगिनी नगर सम्बन्धको सुदृढीकरण तथा आगामी दिनमा संयुक्त रूपमा सञ्चालन गर्न सकिने कार्यक्रम र सहकार्यका सम्भावनाबारे विचार—विमर्श गरिएको थियो।

यस अवसर र सहभागिताका लागि सबैलाई हार्दिक धन्यवाद ।
मितिः २०८३/०३/२४ गते
**८. लुम्बिनी प्रदेश मुख्यमन्त्री कार्यालय, दाङमा बैठक एवं अन्तरक्रिया।**

लुम्बिनी प्रदेश सरकारका माननीय मुख्यमन्त्री चेतनारायण आचार्यज्यू, पूर्व मुख्यमन्त्री डिल्ली बहादुर चौधरीज्यू, माननीय सभामुखज्यू, लुम्बिनी प्रदेश सभाका माननीय सदस्यहरू तथा प्रमुख सचिव श्री कृष्णप्रसाद काप्रीज्यूसँग सौहार्दपूर्ण भेटघाट एवं फलदायी छलफल गर्ने अवसर प्राप्त भयो।
उक्त अवसरमा लुम्बिनी सांस्कृतिक नगरपालिकाको समग्र कार्यप्रगति, वर्तमान अवस्था तथा आगामी विकासका लागि प्रदेश सरकारसँग आवश्यक सहयोग, समन्वय र सहकार्यका विषयमा विस्तृत छलफल तथा विचार आदानप्रदान भयो।

भेटघाटमा लुम्बिनी सांस्कृतिक नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री तारा ज्ञवाली, उपसचिव श्री हरि प्रसाद ज्ञवाली, लेखा अधिकृत श्री रामचन्द्र अर्याल तथा समन्वयकर्ता श्री तुलसी राम लामिछानेको सहभागिता रहेको थियो।

महत्त्वपूर्ण समय प्रदान गरी रचनात्मक सुझाव तथा सहकार्यप्रति व्यक्त गर्नुभएको प्रतिबद्धताका लागि सम्पूर्ण महानुभावहरूप्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछौं।

मितिः २०८३/०३/२३ गते

**९. सोलार सिँचाइ परियोजनाको दिगोपन तथा भावी सहकार्य सम्बन्धी अन्तरक्रिया कार्यक्रम र सहकार्य पत्रमा हस्ताक्षर कार्यक्रम सम्पन्न ।**

लुम्बिनी सांस्कृतिक नगरपालिकासँग संस्थागत (भगिनी) सम्बन्ध कायम रहेको चीनको दुङहाङ सिटीको समन्वय तथा सहजीकरणमा, Gansu Natural Energy Research Institute (GNERI) / ISEC को आर्थिक तथा प्राविधिक सहयोगमा लुम्बिनी सांस्कृतिक नगरपालिकामा जडान गरिएका सोलार सिँचाइ प्रणालीको दिगो सञ्चालन तथा भावी सहकार्यका विषयमा लुम्बिनी सांस्कृतिक नगरपालिका र Gansu Natural Energy Research Institute (GNERI) / ISEC बीच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रम लुम्बिनी सांस्कृतिक नगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री कल्पना हरिजनज्यूको अध्यक्षतामा सम्पन्न भएको थियो। कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत श्री तारा ज्ञवालीज्यू, उपसचिव श्री हरि प्रसाद ज्ञवालीज्यू, वडा नं. ५ का वडा अध्यक्ष श्री खुर्सेद अहम्मद मुसलमानज्यू, विशेष उपस्थितिका रूपमा लुम्बिनी सांस्कृतिक नगरपालिकाका चीन संयोजक (Coordinator) डा. सागर न्यौपानेज्यू, इन्जिनियर आशिष कुमार यादवज्यू, इन्जिनियर सराजुद्दिन खाँज्यू, इन्जिनियर शोयब अन्सारीज्यू, तथा समन्वयकर्ता श्री तुलसी राम लामिछानेज्यूको सहभागिता रहेको थियो।

त्यसैगरी Gansu Natural Energy Research Institute (GNERI) / ISEC का तर्फबाट उपनिर्देशक (Deputy Director) श्री Wei Mingbang सहित श्री Ma Hongruo, श्री Wang Qiang, श्री Zhang Yadong, श्री Wang Yong तथा श्री Bao Jianqing को सहभागिता रहेको थियो।

यस परियोजनाअन्तर्गत लुम्बिनी सांस्कृतिक नगरपालिकाको वडा नं. ५ र वडा नं. ९ मा कृषि सिँचाइका लागि सोलार प्रणाली जडान गरिएको छ। साथै वडा नं. १० का ३० घरधुरीलाई सोलार कुकर वितरण गरिएको छ।

कार्यक्रममा कार्यवाहक नगर प्रमुख श्री कल्पना हरिजनज्यूले लुम्बिनी सांस्कृतिक नगरपालिकामा सोलार सिँचाइ परियोजना सञ्चालन गरी कृषि क्षेत्रको विकासमा महत्वपूर्ण योगदान पुऱ्याएकोमा Gansu Natural Energy Research Institute (GNERI) / ISEC प्रति हार्दिक धन्यवाद व्यक्त गर्दै आगामी दिनमा समेत यस प्रकारको सहकार्यलाई निरन्तरता दिई थप प्रभावकारी परियोजनाहरू सञ्चालन गर्ने अपेक्षा व्यक्त गर्नुभयो।

त्यसैगरी Gansu Natural Energy Research Institute (GNERI) / ISEC का प्रतिनिधिहरूले लुम्बिनी सांस्कृतिक नगरपालिकासँग सोलार सिँचाइ परियोजनामा सहकार्य गर्न पाएकोमा खुसी व्यक्त गर्दै आगामी दिनमा पनि ऊर्जा, वातावरण तथा दिगो विकासका क्षेत्रमा निरन्तर सहकार्य गर्न इच्छुक रहेको धारणा राख्नुभयो। यस अवसरमा सोलार सिंचाईमा सहकार्य पत्रमा हस्ताक्षर गरिएको थियो ।

अन्तरक्रिया कार्यक्रमको सहजीकरण लुम्बिनी सांस्कृतिक नगरपालिकाका चीन संयोजक (Coordinator) डा. सागर न्यौपानेज्यूले गर्नुभएको थियो।

कार्यक्रमको सफल आयोजनामा सहयोग तथा सहभागिता जनाउनुहुने सम्पूर्ण महानुभावहरूप्रति लुम्बिनी

सांस्कृतिक नगरपालिका हार्दिक आभार व्यक्त गर्दछ।

मिति : २०८३ साल असार २२ गते

**१०. स्वागत तथा असल अभ्यास अनुभव आदानप्रदान कार्यक्रम सम्पन्न ।**

नेपाल नगरपालिका संघ, लुम्बिनी प्रदेशका अध्यक्ष तथा गुल्मीको रेसुङ्गा नगरपालिकाका नगर प्रमुख आदरणीय श्री खिलध्वज पन्थीज्यूलाई पवित्र बुद्ध जन्मस्थल लुम्बिनीमा लुम्बिनी सांस्कृतिक नगरपालिकाका कार्यवाहक नगर प्रमुख आदरणीया श्री #कल्पना हरिजनज्यू तथा प्रमुख प्रशासकीय अधिकृत आदरणीय श्री तारा ज्ञवालीज्यूले हार्दिक स्वागत गर्नुभएको छ।

यस अवसरमा लुम्बिनी सांस्कृतिक नगरपालिका र रेसुङ्गा नगरपालिका, गुल्मीबीच असल अभ्यास तथा अनुभव आदानप्रदान कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ।

कार्यक्रममा लुम्बिनी सांस्कृतिक नगरपालिकाका कार्यवाहक नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, जनप्रतिनिधिहरू तथा कर्मचारीहरूको सहभागिता रहेको थियो। त्यसैगरी रेसुङ्गा नगरपालिकाका नगर प्रमुख, वडा नं. ९ का वडा अध्यक्ष श्री कृष्णप्रसाद पाण्डेलगायत जनप्रतिनिधिहरूको समेत उल्लेखनीय उपस्थिति रहेको थियो।

दुवै स्थानीय तहबीच सुशासन, सेवा प्रवाह, विकास व्यवस्थापन तथा संस्थागत सुदृढीकरणका क्षेत्रमा भएका उत्कृष्ट अभ्यासहरू आदानप्रदान गर्दै आपसी सहकार्य र समन्वयलाई अझ प्रभावकारी बनाउने विषयमा फलदायी छलफल भएको थियो।

मितिः २०८३ साल असार २२ गते

**११. हार्दिक बधाई एवं शुभयात्रा कार्यक्रम।**

शैक्षिक तालिम, अध्ययन—अवलोकन तथा भ्रमण सफल, उपलब्धिमूलक र स्मरणीय रहोस् भन्ने हार्दिक शुभकामना व्यक्त गरिएको छ।

लुम्बिनी सांस्कृतिक नगरपालिकाको सहजीकरण तथा प्राविधिक सहयोगमा, बुद्ध परिपथ अन्तर्गतका नगरपालिकाहरूको सहभागिता तथा धम्माकाय फाउण्डेसन, थाइल्याण्डको आयोजनामा थाइल्याण्डमा सञ्चालन हुने UG5 & Meditation (26 June – 15 July 2026) शैक्षिक तालिम एवं अध्ययन—अवलोकन कार्यक्रममा सहभागी हुनुहुने सामुदायिक विद्यालयका सम्पूर्ण शिक्षक तथा शिक्षिकाहरूलाई हार्दिक बधाई तथा सुखद यात्रासहित कार्यक्रमको पूर्ण सफलताको शुभकामना व्यक्त कार्यक्रम सम्पन्न भएको छ। १६ जना शिक्षकको सहभागिता रहेको छ ।

यस महत्वपूर्ण शैक्षिक कार्यक्रमको उद्घाटन समारोहमा सहभागिता, तालिमको निरीक्षण तथा अध्ययन—

अवलोकनका लागि लुम्बिनी सांस्कृतिक नगरपालिकाबाट उपसचिव श्री हरि प्रसाद ज्ञवाली, प्रशासन शाखाका अधिकृत श्री शोभाखर पौडेल, लेखा शाखाका सहायक लेखा अधिकृत श्री कविता पाण्डे तथा शिक्षा शाखाका सहायक शिक्षा अधिकृत श्री प्रमिला पछाईको सहभागिता थियो।

यस प्रकारको महत्वपूर्ण शैक्षिक कार्यक्रम आयोजना गरी बुद्ध परिपथका नगरपालिकाहरूलाई सहभागिताको अवसर प्रदान गर्नुभएकोमा धम्माकाय फाउण्डेसन, थाइल्याण्ड तथा सम्पूर्ण आदरणीय भन्तेज्यूहरूप्रति हार्दिक धन्यवाद तथा गहिरो आभार व्यक्त गर्दछौं।
मितिः २०८३/०३/१२ गते

**१२. अनुभव आदानप्रदान कार्यक्रम सम्पन्न ।**
बझाङ जिल्ला थलारा गाउँपालिकाका उपाध्यक्ष एवम न्यायिक समिति संयोजक श्री राम बहादुर खातिज्यूको नेतृत्वमा बुद्ध जन्मस्थल लुम्बिनीको भ्रमण तीर्थ यात्रामा आउनु भएका पाहुनाहरुलाई लुम्बिनी साँस्कृतिक नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री तारा ज्ञवालीज्यूले स्वागत गरी लुम्बिनी साँस्कृतिक नगरपालिका र थलारा गाउपालिकाबिच अनुभव, तथा असल अभ्यास अदान प्रदान गरी कार्यक्रम सम्पन्न भयो ।मिति २०८३/०३/१२

**१३. स्थानीय सरकार**
**लुम्बिनी साँस्कृतिक नगरपालिका, १७ औं नगरसभाको अधिवेशन (आ.व. ०८३/०८४ को वार्षिक नीति, कार्यक्रम तथा बजेट सम्बन्धी सभा) सम्पन्न ।**
सभा अध्यक्ष एवं कार्यवाहक नगर प्रमुख श्री कल्पना हरिजनज्यूको अध्यक्षता, प्रमुख प्रशासकीय अधिकृत श्री तारा ज्ञवालीज्यू,सम्पूर्ण वडा अध्यक्षज्युहरु, कार्यपालिका सदस्यज्यूहरु, सम्पूर्ण नगरसभा सदस्यज्यूहरु, उपसचिव श्री हरि प्रसाद ज्ञवाली, लेखा अधिकृत श्री रामचन्द्र अर्याल, वरिष्ट प्रशासकिय अधिकृत एवं प्रशासन शाखा प्रमुख श्री धर्मेन्द्र बेल्वासे, शाखा प्रमुखहरु एवं कर्मचारीहरू, पत्रकारहरु र सुरक्षाकर्मीहरु लगयतको उपस्थितिमा आ.व. ०८३/०८४ को वार्षिक नीति, कार्यक्रम तथा बजेट प्रस्तुति, छलफल र बार्षिक बजेट रु. १.७५,७८,७३०००/- एक अरब पचहत्तर करोड अठहत्तर लाख त्रिहत्तर हजार रुपैयाँ स्वीकृत/पारित तथा विभिन्न प्रस्ताव माथि निर्णय गरि सम्पन्न भएको छ ।

१. सम्मान
क. आ.व. २०८२/०८३ मा मितिः २०८३/०३/०९ सम्म सबैभन्दा बढि राजस्व संकलन गर्ने - वडा नं. ४ लाई सम्मान गरिएको छ ।
अध्यक्ष श्री विनोद कुमार श्रीवास्तव, वडा सचिव र कर्मचारीहरुलाई हार्दिक बधाई एवं शुभकामना ।

ख. आ.व. २०८२/०८३ को मितिः २०८३/०३/०९ सम्म सबैभन्दा बढि कार्यक्रम एवं योजनामा खर्च गर्ने वडा न. - ११ लाई सम्मान गरिएको छ ।
अध्यक्ष- अक्रमुद्दीन मुसलमान/वडा सचिव र कर्मचारीहरुलाई हार्दिक बधाई एवं शुभकामना ।

१७ औं नगरसभाको अधिवेशन (आ.व. ०८३/०८४ को वार्षिक नीति, कार्यक्रम तथा बजेट सम्बन्धि नगरसभा) सम्पन्न गर्न पुर्ण साथ सहयोग प्रदान गर्नुहुने र सहभागिता जनाउनुहुने सबै सबैमा हार्दिक धन्यवाद सहित आभार प्रकट गर्दछौं ।

मिति : २०८३ असार १० गते

**१४, Review Mission कार्यक्रम सम्पन्न ।**

नेपाल सरकार एवं एशियाली विकास बैकको आर्थिक प्रविधिक सहयोगमा लुम्बिनी सांस्कृतिक नगरपालिकामा शहरी उत्थानशीलता तथा बसोबास, जिवन स्तर सुधार आयोजना अन्तर्गत Review Mission कार्यक्रम प्रमुख प्रशासकिय अधिकृत तारा ज्ञवालीको अध्यक्षता, शहरी विकास मन्त्रालयका आयोजना निर्देशक श्री सुरेश कुमार वाग्ले, ADB मिसन टिम लिडर श्री नरेश गिरी, ADB, नगर विकास कोष, लुम्बिनी सांस्कृतिक नगरपालिकाका प्रतिनिधिहरुको उपस्थितिमा लुम्बिनीमा सम्पन्न भएको छ ।
यसै क्रममा आयोजनाको स्थलगत निरीक्षण गरिएको छ ।

मितिः २२ जुन, २०२६ (८ असार, २०८३)

**१५. अनुवभ आदानप्रदान ।**
काठमाडौं महानगरपालिकाको भ्रमण र् अन्तर्राष्ट्रिय सम्बन्ध सचिवालयका प्रतिनिधिहरुनिच अनुभव आदानप्रदान गरिएको छ।
(काठमाडौं महानगरपालिकाउपनिर्देशक गङगाधर गौतम र लुम्बिनी साँस्कृतिक नगरपालिकाका समन्वयकर्ता तुलसी राम लामिछाने)

काठमाडौं महानगरको अन्तर्राष्ट्रिय सम्बन्ध सचिवालयबाट अन्तर्राष्ट्रिय पहुँच विस्तार, शहर—शहर सहकार्य विकास तथा विश्वस्तरीय अनुभव र अवसरलाई स्थानीय तहमा जोड्नु ।

जस्तैः
१. अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार तथा सुदृढीकरण

* भगिनी (Sister City) सम्बन्ध स्थापित भएका शहरहरूसँग सम्बन्ध विस्तार र सक्रियता बढाउने।
* विभिन्न अन्तर्राष्ट्रिय नगर सञ्जाल तथा संस्थासँग सहकार्य गर्ने।

२. ज्ञान, सीप र प्रविधि आदानप्रदान

* अन्तर्राष्ट्रिय स्तरका अभ्यास, नवप्रवर्तन र अनुभव काठमाडौं महानगरमा भित्र्याउने।
* कर्मचारी तथा नगरवासीका लागि अन्तर्राष्ट्रिय कार्यशाला, तालिम, सेमिनार र अध्ययन भ्रमणको अवसर सिर्जना गर्ने।

३. शहर कूटनीति (City Diplomacy) प्रवर्द्धन

* विदेशस्थित शहर, दूतावास, विकास साझेदार तथा अन्तर्राष्ट्रिय संस्थासँग संस्थागत सम्बन्ध कायम गर्ने।
* काठमाडौंलाई अन्तर्राष्ट्रिय स्तरमा प्रतिनिधित्व गर्ने।

४. पर्यटन, संस्कृति र लगानी प्रवर्द्धन

* काठमाडौंको सांस्कृतिक सम्पदा, पर्यटन सम्भावना तथा आर्थिक अवसरलाई अन्तर्राष्ट्रिय रूपमा प्रचार गर्ने।

कार्यहरू

* विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शहरहरूसँग भगिनी सम्बन्ध स्थापना र व्यवस्थापन।
* अन्तर्राष्ट्रिय सम्मेलन, भ्रमण, प्रतिनिधिमण्डल आदानप्रदान तथा औपचारिक भेटघाट समन्वय।
* कर्मचारी क्षमता विकासका लागि अन्तर्राष्ट्रिय कार्यशाला, सेमिनार तथा तालिम कार्यक्रम सञ्चालन/समन्वय।
* अन्तर्राष्ट्रिय संस्थासँग सहकार्य गरी शहरी विकास, वातावरण, संस्कृति र सुशासनसम्बन्धी पहल अगाडि बढाउने। मितिः२०८३/०३/०५ गते

**१६. ग्लोबल पिस पार्क निर्माणका लागि जग्गा प्राप्ति कार्यको ताकेता ।**
भुमि व्यवस्था,सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय काठमाडौंमा ।
श्री ध्रुब घिमिरे सहसचिवज्यू सँग भेटघाट, भलाकुसारी र **जग्गा प्राप्ति कार्य**लाई अनुरोध गर्ने अवसर मिल्यो ।यस महत्वपूर्ण कार्यलाई प्रचलित कानुन अनुसार छिट्टै प्रक्रिया अगाडी बढाउने सहसचिवज्युले प्रतिवद्धता जाहेर गर्नुभएको छ
मितिः २०८३/०३/०५ गते

**१७. लुम्बिनी सांस्कृतिक नगरपालिकामा नेपाल सरकार तथा World Bank को आर्थिक तथा प्राविधिक सहयोगमा बृहत्तर लुम्बिनी क्षेत्र विकास परियोजना (GLAD Project) अन्तर्गत सञ्चालन हुने सम्भावित आयोजनाहरूको स्थलगत निरीक्षण तथा अवलोकन कार्यक्रम सम्पन्न।**

उक्त कार्यक्रममा लुम्बिनी सांस्कृतिक नगरपालिकाकी कार्यवाहक नगर प्रमुख श्रीमती कल्पना हरिजनज्यूको नेतृत्वमा GLAD आयोजना समन्वय कार्यालय (PCO) बाट सहसचिव श्री लिला खतिवडा, आयोजना उपनिर्देशक श्री सविन कर्मचार्य, वडा नं. २ का वडा अध्यक्ष तथा नगर प्रवक्ता श्री ईनामुल्ला फकिर, वडा नं. १२ का वडा अध्यक्ष श्री हरिकेश लोध, लुम्बिनी सांस्कृतिक नगरपालिकाका इन्जिनियर/प्रोजेक्ट म्यानेजर श्री आशिष कुमार यादव, इन्जिनियर श्री शोयब अन्सारी तथा समन्वयकर्ता श्री तुलसी राम लामिछानेको सहभागिता रहेको थियो।

स्थलगत रूपमा निम्न स्थानहरूको निरीक्षण तथा अवलोकन गरिएको थियोः

१. आमा वनवाटिका ‘ वडा नं. १२
२. आमा पुनिहवा ताल ‘ वडा नं. १२
३. नोखनिया ताल ‘ वडा नं. २, भुजइया
४. हरित पार्क तथा सरसफाइ केन्द्र ‘ वडा नं. ५, मनोहरपुर
५. कर्वला पोखरी ‘ वडा नं. ७, कर्महवा
६. पोखरी वडा नं. ९
अन्तर्गतका सम्भावित आयोजना क्षेत्रहरूको अवलोकन ।

मितिः २०८३/०३/०४
GLAD Project

**१८. अतिथि देवो भवः**
**अनुभव आदानप्रदान तथा लुम्बिनी भ्रमण कार्यक्रम ।**

मधेश प्रदेश, धनुषा जिल्लाको सबैला नगरपालिकाका नगर प्रमुख श्री कारिराम यादवज्युको नेतृत्वमा आएको प्रतिनिधिमण्डललाई लुम्बिनी सांस्कृतिक नगरपालिकाका कार्यवाहक नगर प्रमुख श्रीमती कल्पना हरिजनज्युले बुद्ध जन्मस्थल लुम्बिनीमा हार्दिक स्वागत गर्नुभएको छ।

यस अवसरमा दुवै स्थानीय तहबीच अनुभव आदानप्रदान, असल अभ्यास साझेदारी, आपसी सहकार्य तथा संस्थागत सम्बन्ध सुदृढीकरण सम्बन्धी अन्तर्कृया गरी सम्पन्न भएको छ ।
साथै, प्रतिनिधिमण्डलले विश्व शान्तिका महानायक भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनीको भ्रमण तथा अवलोकन गरी यहाँका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय महत्वबारे जानकारी प्राप्त गरेको थियो।

मितिः २०८३/०३/०२ गते

**१९. लुम्बिनी प्रदेश प्रहरीको आयोजनामा सम्पन्न एकदिने शान्ति पदयात्रा तथा आत्महत्या, लागुऔषध दुर्व्यसन र सडक दुर्घटना न्यूनीकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रम सम्पन्न ।**

कार्यक्रममा नेपाल प्रहरी महानिरीक्षक दान बहादुर कार्कीज्यूको प्रमुख आतिथ्यतामा, लुम्बिनी सांस्कृतिक नगरपालिकाका कार्यवाहक नगर प्रमुख कल्पना हरिजनज्यू, कपिलवस्तु नगरपालिकाका नगर प्रमुख सुदिप पौडेलज्यू, रुपन्देही जिल्लाका प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालज्यू, लुम्बिनी सांस्कृतिक नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत तारा ज्ञवालीज्यू, विभिन्न पालिकाका प्रमुख—उपप्रमुख तथा अध्यक्ष—उपाध्यक्षज्यूहरू, संघ—संस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरू, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिज्यूहरू, विद्यालयका शिक्षक—शिक्षिका, विद्यार्थी, सञ्चारकर्मी तथा आम समुदायको उल्लेखनीय सहभागिता रहेको थियो।

कार्यक्रम भगवान बुद्धको जन्मस्थल तथा विश्व शान्तिको मुहान लुम्बिनीस्थित शान्तिदीप क्षेत्रबाट शान्ति पदयात्रा प्रारम्भ गरी लुम्बिनी अन्तर्राष्ट्रिय सभाहलमा विभिन्न कार्यक्रमका साथ औपचारिक रूपमा सम्पन्न

गरिएको थियो।

आत्महत्या न्यूनीकरण, लागुऔषध दुर्व्यसन नियन्त्रण तथा सडक दुर्घटना रोकथाम जस्ता संवेदनशील सामाजिक विषयमा जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले आयोजित यस कार्यक्रमले सामाजिक उत्तरदायित्व, सामुदायिक सहकार्य र शान्तिको सन्देश प्रवाह गर्न महत्वपूर्ण योगदान पुऱ्याएको विश्वास गरिएको छ।

यस महत्वपूर्ण कार्यक्रममा लुम्बिनी साँस्कृतिक नगरपालिकाको सहजिकरण र विशेष व्पस्थिति रहेको थियो।
यस्ता जनचेतनामूलक तथा सकारात्मक सामाजिक अभियानलाई आगामी दिनमा समेत निरन्तरता दिनु आवश्यक छ। कार्यक्रमको सफल आयोजनाका लागि आयोजक, सहयोगी संस्था तथा सम्पूर्ण सहभागीहरूप्रति हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछौं।

मितिः २०८३/०३/०१

**२०. विश्वभर "Walk for Peace" अभियान लुम्बिनीमा ।**

विश्व शान्ति, करुणा र मैत्रीको सार्वभौमिक सन्देश बोकेर विश्वभर "Walk for Peace" अभियान सञ्चालन गर्दै पैदल यात्रामा रहनुभएका आदरणीय भन्ते पन्नाकार थेरो तथा सहभागी भन्तेज्युहरू, साथै उक्त अभियानसँग जोडिएको 'आलोका÷ कुकुरसहितको टोलीले विश्व शान्तिका महानायक भगवान गौतम बुद्धको जन्मस्थल एवं विश्व शान्तिको मुहान पवित्र लुम्बिनीस्थित मायादेवी मन्दिरको पावन भ्रमण गर्नुभएको छ।

यस ऐतिहासिक एवं प्रेरणादायी अवसरमा आदरणीय भन्तेज्युहरूलाई लुम्बिनी साँस्कृतिक नगरपालिकाका कार्यवाहक नगर प्रमुख आदरणीय कल्पना हरिजनज्यू तथा लुम्बिनी विकास कोषका वरिष्ठ निर्देशक आदरणीय ज्ञानीन राईज्यूबाट हार्दिक स्वागत तथा सम्मान व्यक्त गरिएको थियो।

लुम्बिनी' जहाँबाट मानवता, करुणा, सहअस्तित्व र विश्व बन्धुत्वको सन्देश संसारभर प्रवाहित भएको छ' त्यही पवित्र भूमिमा सम्पन्न यस "Peace Walk" कार्यक्रमले शान्ति, सद्भाव र वैश्विक एकताको भावनालाई थप उर्जावान बनाएको छ।
यस अवसरमा बुद्ध जन्मस्थल लुम्बिनी एवं बुद्ध र **विश्वभर "Walk for Peace"** अभियानको बारे सहभागीहरु बीच प्रस्तुति गरिएको थियो ।

विश्व शान्तिको मुहान लुम्बिनीबाट पुनः एकपटक मानवता, मैत्री र अहिंसाको सन्देश विश्व समुदायसम्म प्रवाह गर्ने ऐतिहासिक "Peace Walk" कार्यक्रम।
मितिः २०८३/०२/३१

**२१. अतिथि देवो भवः स्वागत र अन्तक्रिया ।**

लुम्बिनी सास्कृतिक नगरपालिकाका प्रमुख प्रशासकिय आदरणीय अधिकृत तारा ज्ञवालीज्युले

Mr. Rishi Sharma, Campus Chief, Sulakshan Kirti Campus, Kirtipur, Kathmandu Under Lumbini Buddhist University लाई नगरपालिकामा स्वागत गर्नुभएको छ ।
यस क्रममा शिक्षा, पर्यटन, सम्बन्ध विस्तार र सहकार्य बारे छलफल भएको छ ।
मितिः २०८३/०२/२९ गते

**२२. पोखरा, लुम्बिनी र भरतपुरको संस्थागत सम्बन्ध र सहकार्य ।**
राम्रो कार्यको शुरुवात भएको छ ।
पोखरा ‘ साहसिकता पर्यटन र प्राकृतिक सौन्दर्य
चितवन ‘ वन्यजन्तु र सांस्कृतिक अनुभव
लुम्बिनी ‘ विश्व शान्ति र आध्यात्मिकताको आधारभूमि बिच आज पोखरमा आयोजित विशेष समारोहमा सस्थागत सम्बन्ध कायम भएको छ ।
यो सम्बन्ध र सहकार्य थप सस्थागत एवम् दिगो होस कामना ।

नेपालको प्रमुख पर्यटकीय गन्तव्य साहसिकता पर्यटन र प्राकृतिक सौन्दर्यका रूपमा परिचित पोखरा महानगरपालिका, वन्यजन्तु र सांस्कृतिक अनुभव एवम् धार्मिक महत्व बोकेको भरतपुर महानगरपालिका तथा भगवान गौतम बुद्धको जन्मस्थल रहेको विश्व शान्तिको मोहान, विश्वप्रसिद्ध धार्मिक, आध्यात्मिकताको आधारभूमि एवं पर्यटकीय केन्द्र लुम्बिनी सांस्कृतिक नगरपालिकाबीच पर्यटन क्षेत्रको दिगो विकास, आपसी अनुभव तथा ज्ञान आदानप्रदान, सांस्कृतिक संरक्षण र प्रवर्द्धन तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा संयुक्त रूपमा पर्यटन प्रवर्द्धन गर्ने साझा उद्देश्यका साथ समझदारी पत्रमा हस्ताक्षर भएको छ ।
नेपाल पर्यटन वोर्ड (NTB) गण्डकी प्रदेश कार्यालय पोखराबाट यस महत्वपुर्ण कार्य र सम्बन्ध विस्तारलाई सार्थक तुल्याउन निरन्तर रुपमा आवश्यक समन्वय, सहकार्य र विभिन्न कार्यक्रमको आयोजना गरेको थियो ।

पोखरा महानगरपालिका, भरतपुर महानगरपालिका र लुम्बिनी सांस्कृतिक नगरपालिकालाई र हामी सबैलाई बधाई छ ।

कार्यक्रम नाम : सिल्भर ट्र्याङगल (पर्यटन सर्किट ) अवधारणा पत्र माथि छलफल र समझदारी पत्रमा हस्ताक्षर ।

पोखरा महानगरपालिका पोखरा भ्रमण बर्षको संयोजनमा सिल्भर ट्र्याङगल (पर्यटन सर्किट ) पोखरा, चितवन र लुम्बिनी लाइ जोडेर पर्यटन प्रवर्द्धन गर्ने उद्धेश्यले पोखरा महानगरपालिका द्धरा आयोजित पोखरा भ्रमण बर्ष संयोजक श्री गोपी बहादुर भट्टराईज्युको अध्यक्षता, पोखरा महानगरपालिका नगर प्रमुख श्री धन राज आचार्यज्युको प्रमुख आतित्थ्यता, भरतपुर महानगरपालिकाका कार्यवहाक नगर प्रमुख श्री चित्रसेन अधिकारीज्युको विशिष्ट आतित्थ्यता, लुम्बिनी सांस्कृतिक नगरपालिकाका कार्यवहाक नगर प्रमुख श्री कल्पना हरिजनज्युको विशिष्ट आतित्थ्यता, पोखरा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री मुक्तिराम अर्यालज्यु र लुम्बिनी सांस्कृतिक नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री तारा ज्ञवालीज्यु, पर्यटन विकास परिषद लुम्बिनी प्रदेशका कार्यकारी निर्देशक श्री शारदा बश्याल, नेपाल पर्यटन वोर्ड (NTB) गण्डकी

प्रदेश कार्यालयका बरिष्ट निर्देशक एवम् प्रमुख श्री मणी राज लामिछानेज्युको आतित्थ्यता, पोखरा, चितवन र लुम्बिनीका पर्यटन व्यवसायी, उधोग बाणिज्य सघ, होटल व्यवसायी, उधोगी, पत्रकार महासघ, सन्चारकर्मेहरु,आदीको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको छ ।

**समझदारी—पत्र**

पोखरा महानगरपालिका, भरतपुर महानगरपालिका र लुम्बिनी सांस्कृतिक नगरपालिका बीच पर्यटन प्रवर्द्धन, पर्यटन विकास, असल अभ्यास आदानप्रदान तथा पारस्परिक सहकार्य गर्ने शिल्भर ट्रयाङगल सम्बन्धी समझदारी—पत्र

१. प्रस्तावना

यो समझदारी—पत्र (Memorandum of Understanding – MOU) पोखरा महानगरपालिका, भरतपुर महानगरपालिका र लुम्बिनी सांस्कृतिक नगरपालिका (यसपछि सामूहिक रूपमा "पक्षहरू" भनिने) बीच पर्यटन प्रवर्द्धन, पर्यटन विकास, असल अभ्यास आदानप्रदान, संस्थागत सम्बन्ध विस्तार तथा दीर्घकालीन सहकार्य स्थापना गर्ने उद्देश्यले मित्रता, सांस्कृतिक आदानप्रदान, शान्ति प्रवर्द्धन र पारस्परिक सहयोगको भावनाका साथ सम्पन्न गरिएको हो।

नेपालको प्रमुख पर्यटकीय गन्तव्यका रूपमा परिचित पर्यटनको राजधानी पोखरा महानगरपालिका, सांस्कृतिक तथा धार्मिक महत्व बोकेको भरतपुर महानगरपालिका तथा भगवान गौतम बुद्धको जन्मस्थल रहेको विश्वप्रसिद्ध धार्मिक एवं पर्यटकीय केन्द्र लुम्बिनी सांस्कृतिक नगरपालिकाबीच पर्यटन क्षेत्रको दिगो विकास, आपसी अनुभव तथा ज्ञान आदानप्रदान, सांस्कृतिक संरक्षण र प्रवर्द्धन तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा संयुक्त रूपमा पर्यटन प्रवर्द्धन गर्ने साझा उद्देश्यका साथ यस सम्झदारीपत्रमा सहमति गरिएको हो।

२. उद्देश्य

यस सम्झदारीपत्रका मुख्य उद्देश्यहरू देहायबमोजिम रहेका छन्ः

• प्रत्येक महानगर/नगरपालिकाले आफ्नो वार्षिक नीति, योजना तथा बजेटमा सिल्भर ट्रयाङगलको प्रवर्द्धन र विकासलाई समावेश गर्ने।

• सिल्भर ट्रयाङगल सहकार्यको नेतृत्व तथा समन्वय प्रत्येक वर्ष पालैपालो प्रणालीमा तीनै स्थानीय तहहरूले गर्ने।

• प्रत्येक वर्ष पालैपालो रूपमा सिल्भर ट्रयाङगल पर्यटन मेला (ट्राभल मार्ट) आयोजना गर्ने।

• आवश्यकताअनुसार नियमित रूपमा व्यवसाय—देखि—व्यवसाय (B2B) तथा सरकार—देखि—सरकार (G2G) बैठक तथा सहकार्य सञ्चालन गर्ने।

• तीनै पक्षको संयुक्त पहलमा सिल्भर त्रिकोणको प्रवर्द्धन, ब्रान्डिङ र बजार विस्तार अभियान सञ्चालन गर्ने।

• प्रत्येक शहरमा अन्य दुई शहरका प्रमुख पर्यटकीय गन्तव्यहरू समेट्ने डिजिटल सूचना बोर्डहरू स्थापना गर्ने।

• तीनै गन्तव्यलाई समेट्ने गरी एकीकृत पर्यटन प्याकेज विकास गर्ने।

• संयुक्त पर्यटन प्रचार सामग्री (ब्रोशर, भिडियो, डिजिटल सामग्री) निर्माण तथा वितरण गर्ने।

• पर्यटन व्यवसायी, होटल, ट्राभल एजेन्सी तथा स्थानीय समुदायबीच सहकार्य र सञ्जाल विस्तार गर्ने।

• सांस्कृतिक, शैक्षिक तथा पर्यटन आदान—प्रदान कार्यक्रम सञ्चालन गर्ने।
• पर्यटन प्रवर्द्धनका लागि तीनवटै पक्षले संयुक्त रूपमा स्थानीय, प्रदेश तथा संघ सरकार, नेपाल पर्यटन बोर्ड, विकासका साझेदार संस्था लगायतसँग आवश्यक समन्वय गर्ने।
• अन्तरप्रदेशीय कनेक्टिभिटीमा विशेष जोड दिने।
उपरोक्त विषयवस्तुमा पूर्ण सहमति जनाउँदै यस सम्झदारीपत्रमा हस्ताक्षर गरिएको छ।

श्री धनराज आचार्य
नगर प्रमुख
पोखरा महानगरपालिका

.........................................
श्री चित्रसेन अधिकारी
कार्यवाहक नगर प्रमुख
भरतपुर महानगरपालिका

.........................................
श्रीमती कल्पना हरिजन
कार्यवाहक नगर प्रमुख
लुम्बिनी नगरपालिका

साक्षीहरू,
............................................
मुक्तिराम अर्याल
प्रमुख प्रशासकीय अधिकृत
पोखरा महानगरपालिका

............................................
प्रमुख प्रशासकीय अधिकृत
बीरेन्द्र देव भारती
भरतपुर महानगरपालिका

............................................
तारा ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत
लुम्बिनी सांस्कृतिक नगरपालिका

मितिः २०८३ साल जेठ २६ गते
स्थानः पोखरा, नेपाल

**२३. लुम्बिनी सांस्कृतिक नगरपालिका र वागमती नगरपालिका बीच अनुभव आदानप्रदान कार्यक्रम सम्पन्न।**

लुम्बिनी सांस्कृतिक नगरपालिका, रुपन्देही र वागमती नगरपालिका, सर्लाही (मधेश प्रदेश) बीच अनुभव आदानप्रदान कार्यक्रम लुम्बिनी सांस्कृतिक नगरपालिकाकी कार्यवाहक नगर प्रमुख कल्पना हरिजनज्यूको अध्यक्षतामा लुम्बिनीमा सम्पन्न भएको छ।

कार्यक्रममा वागमती नगरपालिकाका कार्यवाहक नगर प्रमुख कृष्णकुमार लामाज्यू, उपप्रमुखज्यू, वडा अध्यक्षज्यूहरू तथा कर्मचारीहरूका साथै लुम्बिनी सांस्कृतिक नगरपालिकाका जनप्रतिनिधि एवं कर्मचारीहरूको सहभागिता रहेको थियो।

कार्यक्रमका क्रममा स्थानीय शासन, विकास निर्माण, सेवा प्रवाह, पर्यटन प्रवर्द्धन तथा संस्थागत अनुभवहरूको आदानप्रदान गरिएको थियो। साथै, वागमती नगरपालिकाका कार्यवाहक नगर प्रमुख कृष्णकुमार लामाज्यूको नेतृत्वमा रहेको भ्रमण टोलीले विश्व शान्तिका महानायक भगवान बुद्धको जन्मस्थल लुम्बिनीको अवलोकन तथा भ्रमण समेत गरेको थियो।

मिति : २०८३/०२/२० गते ।

**२४. विश्व बैंकको आर्थिक प्राविधिक सहयोगमा नेपाल सरकार द्धरा बुद्ध परिपथका चार नगरपालिकामा सचालन हुने ग्रेटर लुम्बिनी क्षेत्र विकास परियोजना (GLAD) सम्बन्धी सहायक सम्झौता पत्रमा हस्ताक्षर पूर्वाधार विकास मन्त्रालय/शहरी विकास तथा भवन निर्माण विभाग र चार नगरपालिका बीच सम्पन्न ।**
ऐतिहासिक स्थल प्राचिन कपिलबस्तु तिलौराकोट क्षेत्रहरु, देवदह, र रामग्रामको बृहद पुर्वधारको विकास गरिने !

बृहद लुम्बिनी विकासका लागि ८३ करोड विनियोजन गरिएको !!

कपिलबस्तुको तिलौराकोटलाई विश्व सम्पदा सूचिमा सुचिकृत गराउन कार्यक्रम आगाडी बढाइने !!!

The historic sites and areas of Ancient Kapilvastu Tilaurakot, Devdaha, and Ramgram will be developed with large-scale infrastructure!

A budget of NPR 830 million has been allocated for the Greater Lumbini Development!!

Programs will be advanced to enlist Tilaurakot of Kapilvastu in the World Heritage List!!!

= हार्दिक बधाई तथा शुभकामना लुम्बिनी सांस्कृतिक नगरपालिका, कपिलवस्तु नगरपालिका, रामग्राम नगरपालिका, देवदह नगरपालिका तथा सम्पूर्ण बुद्ध परिपथ क्षेत्रलाई ।

स्थान : शहरी विकास तथा भवन निर्माण विभागमा एक विशेष समारोहका बीच

हस्ताक्षरकर्ताहरू

नगरपालिकाको तर्फबाट :

* श्री सुदिप पौडेल ‘ नगर प्रमुख, कपिलवस्तु नगरपालिका कपिलवस्तु
* श्री कल्पना हरिजन ‘ कार्यबाहक नगर प्रमुख, लुम्बिनी सांस्कृतिक नगरपालिका रुपन्देही
* श्री धनपत यादव ‘ नगर प्रमुख, रामग्राम नगरपालिका नवलपरासी
* श्री ध्रुब प्रसाद खरेल ‘ नगर प्रमुख, देवदह नगरपालिका रुपन्देही

पूर्वाधार विकास मन्त्रालय/शहरी विकास तथा भवन निर्माण विभाग तर्फबाट :

* श्री रवीन्द्र बोहरा ‘ महानिर्देशक, शहरी विकास तथा भवन निर्माण विभाग (DUDBC)

साक्षीहरू :

१. श्री तारा ज्ञवाली ‘ प्रमुख प्रशासकीय अधिकृत, लुम्बिनी सांस्कृतिक नगरपालिका रुपन्देही
२. श्री भुपेन्द्र पाण्डे ‘ प्रमुख प्रशासकीय अधिकृत, रामग्राम नगरपालिका नवलपरासी
३. श्री मधुकर पौडेल ‘ प्रमुख प्रशासकीय अधिकृत, देवदह नगरपालिका रुपन्देही
४. श्री विनय कुमार श्रीवास्तव ‘ प्रमुख प्रशासकीय अधिकृत, कपिलवस्तु नगरपालिका कपिलवस्तु
५. श्री आशिष कुमार यादव ‘ इन्जिनियर, लुम्बिनी सांस्कृतिक नगरपालिका रुपन्देही
६. श्री तुलसी राम लामिछाने समन्वयकर्ता बुद्ध परिपथका नगरपालिका (लुम्बिनी सांस्कृतिक नगरपालिका, कपिलवस्तु नगरपालिका, रामग्राम नगरपालिका, देवदह नगरपालिका)

साथै कपिलवस्तु नगरपालिका कपिलवस्तु, रामग्राम नगरपालिका नवलपरासी तथा देवदह नगरपालिका रुपन्देहीका इन्जिनियर लगायतको समेत सहभागिता रहेको थियो ।

पूर्वाधार विकास मन्त्रालय/शहरी विकास तथा भवन निर्माण विभाग तर्फबाट साक्षीहरु :

* श्री एकराज अधिकारी ‘ उपमहानिर्देशक, शहरी विभाग, DUDBC
* श्री लीला खतिवडा ‘ परियोजना निर्देशक, GLAD-PCO

* श्री अमित उपाध्याय ‘IT, GLAD-PCO

परियोजना अन्तर्गत :

१. नेपालको संघीय संविधान अन्तर्गत पर्यटनमा आधारित क्षेत्रीय विकास तथा समावेशी आर्थिक वृद्धिलाई प्रवर्द्धन गर्न नगरपालिकाहरूले निर्वाह गर्ने भूमिकालाई दृष्टिगत गर्दै नेपाल सरकारले पूर्वाधार विकास मन्त्रालय (MoID) मार्फत अन्तर्राष्ट्रिय विकास संघ (IDA) सँग IDA Credit No. 7980-NP अन्तर्गत ग्रेटर लुम्बिनी क्षेत्र विकास परियोजना (GLAD) कार्यान्वयनका लागि वित्तीय सम्झौता गरेको छ । यस परियोजनाको मुख्य उद्देश्य ग्रेटर लुम्बिनी क्षेत्रमा पर्यटनसम्बन्धी पूर्वाधार तथा सेवाहरूमा सुधार गर्नुका साथै स्थानीय रोजगारी प्रवर्द्धन गर्नु रहेको छ ।

२. नेपाल सरकारको तर्फबाट GLAD परियोजनाको समग्र व्यवस्थापन, समन्वय तथा अनुगमन सुनिश्चित गर्न पूर्वाधार विकास मन्त्रालयले आफ्नो शहरी विकास तथा भवन निर्माण विभाग (DUDBC) लाई जिम्मेवारी दिएको छ । उक्त परियोजना मुख्यतः परियोजनाको उपघटक 2.2(c) अन्तर्गत सहभागी नगरपालिकाहरू मार्फत कार्यान्वयन गरिनेछ ।

३. अर्थ मन्त्रालयले स्थानीय पूर्वाधार सुधारका लागि सहभागी नगरपालिकाहरूलाई जिल्ला कोष तथा लेखा नियन्त्रक कार्यालय (DTCO) मार्फत त्रैमासिक रूपमा स्थानीय सञ्चित कोषमा जम्मा हुने गरी सशर्त अनुदान उपलब्ध गराउन सहमति जनाएको छ ।

४. GLAD परियोजनामार्फत शहरी विकास तथा भवन निर्माण विभागले निम्न उद्देश्यका गतिविधिहरू सञ्चालन गर्ने प्रतिवद्धता व्यक्त गरेको छ :

(क) स्थानीय पूर्वाधार तथा पर्यटनसम्बन्धी विकासका लागि संस्थागत तथा नीतिगत संरचना सुदृढ गर्ने ।

(ख) DUDBC अन्तर्गत स्थापना गरिएको परियोजना कार्यान्वयन सहयोग टोली (PIST) तथा परियोजना कार्यान्वयन इकाई (PIU-2) मार्फत नगरपालिकाहरूलाई निम्न क्षेत्रमा क्षमता विकास तथा प्राविधिक सहयोग उपलब्ध गराउने :

(i) शहरी तथा पर्यटन पूर्वाधार योजना, उपपरियोजना कार्यान्वयन तथा आधारभूत शहरी सेवा;

(ii) सम्पदा—संवेदनशील तथा जलवायु—उत्थानशील डिजाइन सहित सिभिल कार्यको डिजाइन तथा सुपरिवेक्षण;

(iii) विश्व बैंकको खरिद नियमावली अनुसार ठेक्का व्यवस्थापन तथा खरिद प्रक्रिया;

(iv) SuTRA तथा प्रचलित सरकारी लेखा प्रणालीमार्फत वित्तीय व्यवस्थापन तथा प्रशासन;

(v) बहु—सरोकार समिति मार्फत नागरिक सहभागिता, लैङ्गिक समावेशिता तथा सहभागितामूलक योजना;

(vi) परियोजना MIS मार्फत अनुगमन तथा मूल्याङ्कन;

(vii) परियोजनाका लागि तयार गरिएको वातावरणीय तथा सामाजिक व्यवस्थापन ढाँचा (ESMF), सरोकारवाला संलग्नता योजना (SEP) तथा वातावरणीय तथा सामाजिक प्रतिवद्धता योजना (ESCP) अनुसार वातावरणीय तथा सामाजिक जोखिम व्यवस्थापन ।

(ग) उपघटक 2.2(c) कार्यान्वयनसँग सम्बन्धित नगरपालिका—स्तरीय क्षमता विकास गतिविधि कार्यान्वयन गर्ने ।

(घ) स्थानीय पूर्वाधार तथा पर्यटन विकाससम्बन्धी विभिन्न विषयमा नीति तथा कानुनहरूको पुनरावलोकन

गर्ने ।

चारवटै नगरपालिका आफ्नो स्वतन्त्र इच्छाले यस सहायक सम्झौतामा प्रवेश गर्दै ग्रेटर लुम्बिनी क्षेत्र विकास परियोजनामा सहभागी भई GLAD परियोजनाको उपघटक 2.2(c) अन्तर्गत स्थानीय पूर्वाधार सुधार कार्यक्रम कार्यान्वयन गर्ने तथा निर्धारित नियम, कानुन एवं विश्व बैंकका आवश्यकताहरू पूर्ण रूपमा पालना गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

विगत वर्षदेखि बुद्ध परिपथ क्षेत्रका नगरपालिकाहरूबीच हुँदै आएको सहकार्य, समन्वय तथा आपसी समझदारी अझ उपलब्धिमूलक बन्दै गएको छ । यस महत्वपूर्ण आयोजना तथा परियोजनाले बुद्ध परिपथ क्षेत्रको पर्यटन, पूर्वाधार विकास तथा समग्र आर्थिक समृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिइएको छ ।

यस महत्वपूर्ण आयोजना तथा परियोजनामा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग, सहकार्य तथा साथ प्रदान गर्नुहुने सम्पूर्ण महानुभावहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

मिति : २०८३/०२/१३ (२७ मे, २०२६) Heartfelt

**२५. रुपन्देही जिल्लाका प्रमुख जिल्ला अधिकारी आदरणीय विश्व प्रकाश अर्यालज्युलाई स्वागत र भेटघाट।**

लुम्बिनी साँस्कृतिक नगरपालिकाको तर्फबाट आदरणीय प्रमुख जिल्ला अधिकारीज्युलाई हार्दिक बधाई एवम् रुपन्देहीको कार्यकाल सुखद र सफल कार्यकालको शुभकामना व्यक्त गरियो ।
(लुम्बिनी सास्कृतिक नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत तारा ज्ञवाली, लेखा अधिकृत रामचन्द्र अर्याल र समन्वयकर्ता तुलसी राम लामिछाने)
अमुल्य समयका लागि प्रमुख जिल्ला अधिकारीज्युलाई हार्दिक धन्यवाद सहित आभार प्रकट गर्दछौ ।
मितिः २०८३/०२/१२ गते

**२५. २५७० औ बुद्ध जयन्ती एवं लुम्बिनी दिवस २०८३, ।**

२५७० औ बुद्ध जयन्ती एवं लुम्बिनी दिवस २०८३, प्रतिनिधि सभाका सम्माननीय सभामुख श्री डोल प्रसाद अर्यालज्युको प्रमुख आतिथ्यता सहित, संस्कृति, पर्यटन तथा नागरिक उडडयन मन्त्री माननीय खडक राज पौडेल (गनेस)ज्यु, लुम्बिनी प्रदेश सभाका सभामुख माननीय तुलाराम घर्तिमगरज्यु, प्रतिनिधि सभाका माननीय सदस्यज्युहरू, लुम्बिनी प्रदेश सरकारका उद्योग, पर्यटन तथा यातायात मन्त्री माननीय प्रचण्ड बिक्रम न्यौपानेज्यु, लुम्बिनी प्रदेश सभाका माननीय सदस्यज्युहरू, नेपाल सरकारका सचिवज्युहरू, विभिन्न देशका महामहिम राजदूतहरू, संयुक्त रास्ट्रसंघ नेपाल प्रमुख महामहिम लिला पीटर्स याह्या र लुम्बिनी सास्कृतिक नगरपालिकाका कार्यबाहक नगर प्रमुख कल्पना हरिजन लगायत विभिन्न विशिष्ट महानुभावहरूको समुपस्थितीमा महायान, थेरवाद र बज्रयान बौद्ध समुदायका स्वदेशी तथा बिदेशी विशिष्ट भिक्षु, भिक्षुणी, लामागुरु, गुरूमाज्युहरूबाट धार्मिक पुजा- पाठ तथा बिश्व शान्तिको प्रार्थना सहित भगवान बुद्धको पवित्र

जन्मस्थल एवम् बिश्व सम्पदा, लुम्बिनीमा सम्पन्न भएको छ

विश्व शान्तिका महानायक भगवान बुद्ध जन्मस्थल लुम्बिनी।

**२६. बुद्ध परिपथ पालिका बीच GLAD आयोजना अन्तर्गत परामर्श तथा अन्तरक्रिया कार्यशाला सम्पन्न ।**

बृहत्तर लुम्बिनी क्षेत्र विकास आयोजना (GLAD) कार्यक्षेत्र अन्तर्गत लुम्बिनी सांस्कृतिक नगरपालिका, कपिलवस्तु नगरपालिका, रामग्राम नगरपालिका र सरोकारवालाहरु बिच आयोजना क्षेत्रको वातावरणीय तथा व्यवस्थापन ढाँचासम्बन्धी सरोकारवालासँग परामर्श तथा अन्तरक्रिया कार्यशाला बुटबलमा सम्पन्न भएको छ।

कार्यक्रममा नगर प्रमुखज्युहरु, प्रमुख प्रशासकीय अधिकृतज्युहरु, ईन्जिनियरहरु, GLAD Project PCO का प्रतिनिधिहरु तथा संघ—संस्थाका प्रमुख एवं प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

कार्यक्रममा सक्रिय सहभागिताका लागि सम्पूर्णमा हार्दिक धन्यवाद। मितिः २०८३/०१/१० गते

**२७. लुम्बिनी साँस्कृतिक नगरपालिकामा GLAD आयोजना अन्तर्गत परामर्श तथा अन्तरक्रिया कार्यशाला सम्पन्न ।**

बृहत्तर लुम्बिनी क्षेत्र विकास आयोजना (GLAD) अन्तर्गत लुम्बिनी सांस्कृतिक नगरपालिकामा वातावरणीय तथा व्यवस्थापन ढाँचासम्बन्धी सरोकारवालासँग परामर्श तथा अन्तरक्रिया कार्यशाला कार्यवाहक नगर प्रमुख श्री कल्पना हरिजनज्यूको अध्यक्षतामा सम्पन्न भएको छ। कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत श्री तारा ज्ञवालीज्यूको विशेष उपस्थिति रहेको थियो भने उपसचिव श्री हरि प्रसाद ज्ञवालीज्यू, इन्जिनियर श्री अनिता कार्की (GLAD Project PCO), सामाजिक विकास विज्ञ श्री विनोद पन्थ, शाखा प्रमुखहरू, कर्मचारीहरू तथा संघ—संस्थाका प्रमुख एवं प्रतिनिधिहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

कार्यक्रममा सक्रिय सहभागिताका लागि सम्पूर्णमा हार्दिक धन्यवाद। मितिः २०८३/०१/०९ गते

**२८. बधाई तथा सफल कार्यकालको शुभकामना एवं सहकार्य सम्बन्धी अन्तरक्रिया कार्यक्रम ।**

नेपाल र नेपालीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा परिचित गराउने विश्व शान्तिका महानायक भगवान बुद्धको जन्मस्थल, शान्तिभूमि तथा विश्व शान्तिको मुहानका रूपमा परिचित ऐतिहासिक, धार्मिक एवं पर्यटकीय गन्तव्य रुपन्देही क्षेत्र नं. ५ (लुम्बिनी) बाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित हुनुभएका माननीय तौफिक अहमद खानज्यूलाई आज एक विशेष समारोहबीच लुम्बिनी सांस्कृतिक नगरपालिकाको तर्फबाट कार्यबाहक नगर प्रमुख श्री कल्पना हरिजनज्यू तथा प्रमुख प्रशासकीय अधिकृत श्री तारा ज्ञवालीज्यूले हार्दिक बधाई एवं सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभएको छ।

उक्त अवसरमा लुम्बिनीको समग्र विकासका लागि लुम्बिनी सांस्कृतिक नगरपालिका र प्रतिनिधि सभा

सदस्यज्यूबीचको भूमिका तथा सहकार्यका विषयमा अर्थपूर्ण छलफल एवं अन्तरक्रिया सम्पन्न गरिएको छ। कार्यक्रममा वडा अध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, उपसचिव श्री हरि प्रसाद ज्ञवाली, शाखा प्रमुखहरू, माननीयज्यूको सचिवालयका प्रतिनिधिहरू, लुम्बिनी क्षेत्रका युवा तथा समाजसेवीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

माननीयज्यूको कार्यकालमा बुद्ध जन्मस्थल लुम्बिनी तथा बुद्ध परिपथको पर्यटन प्रवर्द्धन, समग्र क्षेत्रीय विकास, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सम्बन्ध विस्तार, लुम्बिनीको प्रभावकारी प्रचार—प्रसारका साथै सरोकारवाला निकाय तथा स्थानीय तहहरूसँग समन्वय र सहकार्य गर्दै आवश्यक मार्गनिर्देशन, नीतिगत तथा संस्थागत सहयोग प्रदान गरी नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुनेछ भन्ने पूर्ण आशा तथा विश्वास लिएको छ।

मितिः २०८२/१२/२९ गते

**२९. लागु औषध दुरुपयोग नियन्त्रण अभियान सम्बन्धि सरोकारवालाहरु सङ्गको अन्तर्कृया कार्यक्रम जिल्ला प्रशासन कार्यालय, रुपन्देहीको आयोजना तथा लुम्बिनी सांस्कृतिक नगरपालिकाको समन्वय र व्यवस्थापनमा सम्पन्न भएको छ।**

कार्यक्रम निमित्त प्रमुख जिल्ला अधिकारी श्री मेघनाथ पाध्यायज्यूको अध्यक्षता, कार्यबाहक नगर प्रमुख श्री कल्पना हरिजनज्युको प्रमुख आतिथ्यता, जिल्ला न्याधिवक्ता श्री प्रकाश मरासिनिज्युको विशेष आतिथ्यता तथा लुम्बिनी सांस्कृतिक नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री तारा ज्ञवालीज्यूको आतिथ्यतामा आयोजना गरिएको थियो।

कार्यक्रममा वडा अध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, विद्यालयका प्रधानाध्यापक, शिक्षक तथा विद्यार्थीहरू, संघ—संस्थाका प्रमुख तथा प्रतिनिधिहरू, जिल्ला प्रहरी कार्यालय रुपन्देही, सशस्त्र प्रहरी बल पडरिया, इलाका प्रहरी कार्यालय लुम्बिनी र सूर्यपुरा, साथै लुम्बिनी सांस्कृतिक नगरपालिकाका शाखा प्रमुख तथा कर्मचारीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

कार्यक्रमको सहजिकरण जिल्ला प्रशासन कार्यालय, रुपन्देहीका प्रधासकिय अधिकृत श्री बिष्णु प्रसाद ज्ञवाली सरले गर्नुभएको थियो ।

उक्त कार्यक्रम लुम्बिनी सांस्कृतिक नगरपालिका कार्यालयमा सफलतापूर्वक सम्पन्न भएको छ। कार्यक्रममा सक्रिय सहभागिता जनाउनु हुने सम्पूर्ण महानुभावहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

मितिः २०८२/१२/२८ गते

**३०.भगवान बुद्धको जन्मस्थल लुम्बिनीमा ऐतिहासिक साँस्कृतिक रुमिन्देई माई मेला सम्पन्न।**

विशेष समारोहका बिच लुम्बिनी साँस्कृतिक नगरपालिकाका कार्यबाहक नगर प्रमुख कल्पना हरिजनले मेला उदघाटन गर्नुभएको छ ।

रुमिन्देई माई मेला विभिन्न धार्नीक, साँस्कृतिक एवं रचनात्मक कार्यक्रम गरी भव्य र सव्य रुपमा सम्पन्न भएको छ ।

मेला २०८२ चैत्र १८ देखी २२ सम्म।

**३१. TZU फाउन्डेसनको सहयोग र सहजिकरनामा अध्ययन अवलोकन भ्रमण ।**
Lumbini Municipality Senior Official Visiting Malaysia Tzu chi and Singapore Tzu chi.

LUMBINI → K LUMPUR → SINGAPORE
TRAVEL ITINERARY (2026)

DAY 1 — March 25 (Travel Day)
Route:
Gautam Buddha Int Airport → Don Mueang Int Airport → Kuala Lumpur Int Airport

- 13:15 Bhairahawa - Bangkok
• Transit: Bangkok (3 hr 30 min layover)
• Arrival KL: 00:40 (March 26)

Day 2 - 26/3/26
Check in Hotel expected at 3.00 am

10.00 Breakfast
11.00 visit Bath Caves ie Murugan Temple

Afternoon
(Kuala Lumpur City Your Highlights)
( to be finalised later)

DAY 3 — 27/3/26
9.00 am
visiting TC Free Clinic

• Tzu Chi Free Clinic
(Malaysia does not have a full hospital like Taiwan, but advanced medical services are available

11.00 am
Visiting Tzu chi international School

12.00pm
Lunch at TCISKL

1.00pm
to meet TCISKL team (to be arranged)

2.30 pm
visiting TC Jing Shi hall
This is your most meaningful & important spiritual & social impact place.

4.30pm
Tzu chi Recycle Center
• Observe recycling system

Day 4 — 28/3/26
Morning
Depart K Lumpur.
Travelling to Singapore

• Duration: 5 hours
• Border crossing to Singapore

Night
• Marina Bay Sands
• Merlion Park
Singapore को समुन्द्र क्षेत्रमा हामीहरु ।

Republic of Singapore Yacht Club सिङ्गापुरको पश्चिमी समुद्री किनार क्षेत्रमा अवस्थित छ। यहाँबाट समुद्रको सुन्दर दृश्य, जहाजहरू (yachts) र आधुनिक मरीना सुविधा देख्न सकिन्छ। यो क्लब विशेषगरी जलयात्रा (boating), याटिङ र सामाजिक कार्यक्रमहरूको लागि प्रसिद्ध छ।

DAY 5 — 29/3/26
Visit Tzu chi Singapore

Day 6 - 30/3/26
Singapore + Departure

कार्यक्रमका गतिविधिहरू:
समन्वय बैठक, भगवान बुद्धको जन्मस्थल लुम्बिनी सम्बन्धी अन्तरक्रिया कार्यक्रम, धार्मिक तथा पर्यटकीय स्थलहरूको अवलोकन भ्रमण, तथा अनुभव आदान–प्रदान।
अवधिः मार्च २०२६ (५ दिन )
सहभागी पदाधिकारी तथा कर्मचारीहरू:
१. श्री हरि प्रसाद ज्ञवाली उपसचिव
२. श्री अकरमुद्दिन नौ मुसलमान वडा अध्यक्ष, वडा नं. ३
३. श्री सुरज जैसवाल वडा अध्यक्ष, वडा नं. १
४. श्री रामचन्द्र अर्याल लेखा अधिकृत
५. श्री तुलसीराम लामिछाने समन्वयकर्ता
७. श्री जीवालाल ज्ञवालीशिक्षक

**३१. "लुम्बिनी अन्तर्राष्ट्रिय महोत्सव" ग्रेट स्तुपा अष्ट्रेलियामा सम्पन्न** ।
नेपालको बुद्ध जन्मस्थल लुम्बिनी तथा बुद्ध परिपथको पर्यटन प्रवर्द्धन र अन्तर्राष्ट्रिय स्तरमा प्रचार–प्रसार गर्ने उद्देश्यले अष्ट्रेलियास्थित ग्रेट स्तूपामा ग्रेट स्तुपा र NRNA, नेपालीज इन बेन्डिगो बिभिन्न संघ संस्थाहरुको आयोजनामा **२५७० औ बुद्ध जयन्ती एवं लुम्बिनी दिवस**को अवसरमा ग्रेट स्तुपा अष्ट्रेलियामा मे २०२६ मा "लुम्बिनी अन्तर्राष्ट्रिय महोत्सव" भव्य रुपमा सम्पन्न भएको छ।

उक्त लुम्बिनी अन्तर्राष्ट्रिय महोत्सवका आयोजक ग्रेट स्तूपा अष्ट्रेलिया, अध्यक्ष तथा निर्देशक आदरणीय इयान

ग्रीनज्यू, सम्पूर्ण टिम, हार्दिक धन्यवाद तथा आभार प्रकट गर्दछु ।

त्यसै गरी नेपालीज इन बेन्डिगो तथा गैरआवासीय नेपाली संघका सम्पूर्ण पदाधिकारी एवं सदस्यहरूलाई हार्दिक धन्यवाद तथा आभार प्रकट गर्दछौ।

**३२. लुम्बिनी सास्कृतिक नगरपालिका लुम्बिनी प्रदेश नेपाल र रुस सेन्टपिटर्सबर्ग प्रिमोर्स्की जिल्ला प्रशासन बिच सस्थागत सम्बन्ध विस्तार, सहकार्य र अनुभव आदानप्रदान सम्बधि अन्तकृया कार्यक्रम सम्पन्न ।**
मितिः २०८३/०४/०४ - 20 July 2026

विश्व शान्तिका महानायक भगवान् बुद्धको पावन जन्मभूमि, युनेस्कोको विश्व सम्पदा सूचीमा सूचीकृत लुम्बिनी

दुई निकाय बीचको सस्थागत सम्बन्ध विस्तार र सहकार्य गर्ने औपचारिक अवसर यो नेपाल र रूसी संघबीच विद्यमान मैत्रीपूर्ण सम्बन्धलाई स्थानीय तहसम्म विस्तार गर्दै भविष्यका लागि नयाँ सम्भावनाको ढोका खोल्ने ऐतिहासिक क्षण पनि हो।

भगवान् बुद्धले लुम्बिनीबाट सम्पूर्ण मानव जातिलाई शान्ति, करुणा, मैत्री र अहिंसाको अनुपम सन्देश दिनुभएको थियो। आज हामी त्यही पवित्र भूमिबाट प्रेरणा लिएर पारस्परिक सम्मान, विश्वास र सहकार्यका आधारमा दुई समुदायबीच दिगो सम्बन्ध निर्माण गर्ने संकल्पका साथ यहाँ उपस्थित भएका छौं। यस अर्थमा आज सम्पन्न हुन लागेको सहकार्य पत्र बैठक माईनयुट प्रशासनिक दस्तावेज होइन, यो दुई राष्ट्रका जनताबीचको मित्रता, सांस्कृतिक आदानप्रदान र साझा समृद्धिप्रतिको प्रतिबद्धताको प्रतीक हो।
हामी विश्वस्त छौं कि यस सहकार्यले शिक्षा, संस्कृति, पर्यटन, युवा विकास, खेलकुद, विज्ञान, सामाजिक विकास, आर्थिक सहकार्य तथा लगानी प्रवर्द्धनका क्षेत्रमा नयाँ अवसरहरू सिर्जना गर्नेछ। यसबाट दुवै पक्षका सरकारी निकाय, शैक्षिक संस्था, सांस्कृतिक संगठन, निजी क्षेत्र तथा नागरिक समाजबीच प्रत्यक्ष सम्बन्ध विस्तार हुनेछ र जनस्तरको मित्रता अझ सुदृढ बन्नेछ।
विशेष गरी विश्व शान्तिको उद्गमस्थल लुम्बिनी र विश्वप्रसिद्ध सांस्कृतिक तथा ऐतिहासिक नगर सेन्ट पिटर्सबर्गबीचको सहकार्यले अन्तर्राष्ट्रिय पर्यटन, सांस्कृतिक कूटनीति तथा सभ्यताबीचको संवादलाई नयाँ उचाइमा पुर्‍याउने विश्वास लिएका छौं। यसले लुम्बिनीलाई विश्व समुदायसँग अझ प्रभावकारी रूपमा जोड्ने तथा अन्तर्राष्ट्रिय साझेदारीलाई थप सशक्त बनाउने आधार तयार गर्नेछ।
यस सहकार्य पत्रका प्रत्येक प्रावधानलाई व्यवहारमा कार्यान्वयन गर्न लुम्बिनी सांस्कृतिक नगरपालिका पूर्ण रूपमा प्रतिबद्ध छ ।
आगामी दिनहरूमा संयुक्त कार्ययोजना निर्माण, नियमित प्रतिनिधिमण्डल आदानप्रदान, अनुभव तथा प्रविधिको साझेदारी, सांस्कृतिक उत्सव, युवा कार्यक्रम, पर्यटन प्रवर्द्धन तथा विकास साझेदारीलाई योजनाबद्ध रूपमा

अघि बढाउने हाम्रो दृढ प्रतिबद्धता रहेको छ।

यस ऐतिहासिक अवसरका लागि प्रिमोर्स्की जिल्ला प्रशासनप्रति हामी हार्दिक आभार व्यक्त गर्दछौं। विशेष रूपमा प्रिमोर्स्की जिल्ला प्रशासनका नेतृत्व तथा सम्पूर्ण टोलीले देखाउनुभएको आत्मीयता, विश्वास र सहकार्यको भावनाको उच्च प्रशंसा गर्दछौं। साथै यस सम्झौतालाई सफलतापूर्वक सम्पन्न गर्न प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान लुम्बिनी सास्कृतिक नगरपालिकालाई प्राप्त भएको छ ।

अन्त्यमा, भगवान् बुद्धको शान्ति, करुणा र सहअस्तित्वको सन्देशले नेपाल र रूसी संघबीचको मित्रतालाई अझ प्रगाढ बनाओस्, लुम्बिनी र प्रिमोर्स्की जिल्लाबीचको यो सहकार्य दीर्घकालीन, फलदायी तथा उदाहरणीय बन्ने आशा अपेक्षा राखेका छौ ।

**३३. समन्वय बैठक एवं अनात्रक्रिया र अध्ययन अवलोकन भ्रमण सम्पन्न ।**

१. लुम्बिनी साँस्कृतिक नगरपालिका, रुस स्थित सेन्टपिटर्सबर्ग प्रिमोर्स्की जिल्ला प्रशासन कार्यालय, गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय समिति रुस र विभिन्न संघ संस्थाहरुबीच बुद्ध जन्मस्थल लुम्बिनीको पर्यटन पर्वद्धन र विकास एवं लुम्बिनीको अन्तराष्ट्रिय स्तरमा प्रचार प्रसार सम्बन्धि समन्वय बैठक र अन्तरक्रिया कार्यक्रम सम्पन्न भएका छन ।

२. धार्मिल एवं पर्यटकीय स्थलको अध्ययन अवलोकन ।

**स्थानः रुसको सेन्टपिटर्सबर्ग र मस्को ।**

**सहभागी**

१. श्री तारा ज्ञवाली प्रमुख प्रशासकीय अधिकृत
२. श्री इनामुल्लाह फकिर वडा अध्यक्ष-२ तथा नगर प्रवक्ता
३. श्री अकरामुद्दिन नाउ मुसलमान वडा अध्यक्ष-३
४. श्री रामचन्द्र अर्याल लेखा अधिकृत
५. श्री आशिष कुमार यादव इन्जिनियर
६. श्री तुलसी राम लामिछाने समन्वयकर्ता
८. श्री शैलेन्द्र प्रसाद श्रेष्ठ परामर्शदाता

मितिः २०८३/०४/०३ — २०८३/०४/१० सम्म

**३४. लुम्बिनी साँस्कृतिक नगरपालिकाको प्रशासनिक भवन निर्माण सम्बन्धि प्रगति, अवस्था र समस्या बारे नगरपालिका, ADB परामर्शदाता र निर्माण कम्पनिका प्रतिनिधिहरु बिच बैठक, छलफल र भवन निर्माणको स्थलगत निरिक्षण सम्पन्न भएको छ ।**

मितिः २०८३/०२/०८ गते

**३५. वार्ड नं ११ को वडा कार्यालय भवन उद्घाटन।**

लुम्बिनी सांस्कृतिक नगरपालिका वार्ड नं ११ को वडा कार्यालय भवन उद्घाटन कार्यबाहक नगर प्रमुख आदरणीय कल्पना हरिजनज्युले उदघाटन गर्नुभएको छ ।

उदघाटन कार्यक्रम वडा अध्यक्ष अक्रामुद्दिन मुसलमानज्युको अध्यक्षता, कार्यबाहक नगर प्रमुख आदरणीय कल्पना हरिजनज्युको प्रमुख आतित्थ्यता, प्रमुख प्रशासकिय अधिकृत आदरणीय तारा ज्ञवालीज्युको विशिष्ट आतित्थ्यता, आदरणीय वडा अध्यक्षज्युहरु अक्रामुद्धिन नाउ मुसलमानज्यु, -३, विनोद कुमार श्रीवास्तवज्यु -४, खुर्शेद आलम मुसलमानज्यु ५, नैमुल हक मुसलमानज्यु-६, कार्यपालिका सदस्यज्युहरुको आतित्थ्यता, स्वास्थ्य चौकी प्रमुख एवम् कर्मचारीहरु, वडावासी, सघ सस्थाका प्रमुख प्रतिनिधिहरुको उपस्थितिमा सम्पन्न भएको छ ।
नवनिर्मित वडा कार्यालय भवनबाट वडावासीलाई सेवा प्रबाहमा थप प्रभावकारी, व्यवस्थित र नागरिकमैत्री बनाउन महत्वपूर्ण सहयोग पुग्ने छ।
मितिः २०८३/०२/०७ गते

**३६. लुम्बिनी बसपार्क Design Review Presentation सम्बन्धी कार्यक्रम !**
लुम्बिनी साँस्कृतिक नगरपालिकाको कार्यालयमा यस न.पा.का कार्यवाहक नगरप्रमुख श्री कल्पना हरिजनज्यूको अध्यक्षतामा URLIP अन्तर्गत “Construction of Bus Terminal in Lumbini Sanskritik Municipality, Contract ID: URLIP/LUM/CW-04” योजनाको Design Review Presentation सम्बन्धी कार्यक्रम सम्पन्न भएको छ ।

उपस्थिति :
१) श्री कल्पना हरिजन ज्यु ‘ कार्यवाहक नगरप्रमुख
२) श्री तारा ज्ञवाली ज्यु‘ प्रमुख प्रशासकीय अधिकृत
३) वडा अध्यक्षहरुज्यु एवम् कार्यपालिका सदस्यज्युहरु
४) सम्बन्धित शाखाका कर्मचारी तथा लेखा अधिकृत, ईन्जिनियर, अमिन लगायत ।
५) Supervision & Design Consultant (SDC) तथा BDA-BN-UDAYA (JV) का प्रतिनिधिहरू ।

मिति २०८३/०१/२४ गते
**३७. विश्व शान्तिका महानायक भगवान बुद्धको पावन जन्मभूमि लुम्बिनी सांस्कृतिक नगरपालिकामा स्थापित Lumbini Buddhist Tzu Chi School (Tzu Chi Lumbini Campus) को भव्य तथा गरिमामय समारोहबीच उद्घाटन।**

लुम्बिनीमा यो शैक्षिक संस्थाहरूको स्थापना र सञ्चालनले यहाँको शिक्षा, स्वास्थ्य तथा पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुग्ने विश्वास लिइएको छ।
यस ऐतिहासिक उपलब्धिका लागि सम्बन्धित सम्पूर्ण पक्षलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौ

।

उक्त विशेष तथा ऐतिहासिक समारोहमा रुपन्देही क्षेत्र नं. ५ का प्रतिनिधि सभा सदस्य माननीय तौफिक अहमद खाँज्यु, लुम्बिनी प्रदेश सभा सदस्य माननीय चन्द्रकेश गुप्ताज्यु, कपिलवस्तु नगरपालिकाका नगर प्रमुख श्री सुदिप पौडेलज्यु, लुम्बिनी सांस्कृतिक नगरपालिकाका कार्यबाहक नगर प्रमुख श्रीमती कल्पना हरिजनज्यु, श्रद्धेय भन्ते भिक्षु मैत्रीज्यु लगायत अन्य भन्तेहरू, लुम्बिनी सांस्कृतिक नगरपालिकाका वडा अध्यक्षज्युहरू, शाखा प्रमुख तथा कर्मचारीहरू, विभिन्न संघ—संस्थाका प्रमुख एवं प्रतिनिधिज्युहरू, Tzu Chi Foundation का विभिन्न देशका पदाधिकारी तथा स्वयंसेवकहरू र स्थानीयवासीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

मितिः २०८३ वैशाख २० गते (०३ मे, २०२६)
स्थानः Buddhist Tzu Chi School (Tzu Chi Lumbini Campus Lumbini), गेट नं. ४ नजिक, वडा नं. १०, लुम्बिनी सांस्कृतिक नगरपालिका

मितिः २०८३ वैशाख २० गते (०३ मे, २०२६)

स्थानः Buddhist Tzu Chi School, गेट नं. ४ नजिक, वडा नं. १०, लुम्बिनी सांस्कृतिक नगरपालिका

**३८. रूसमा २५७० औं बुद्ध जयन्ती विशेष रूपमा मनाइयो।**

नेपाली तथा विश्व समुदायका लागि ऐतिहासिक, धार्मिक तथा पर्यटकीय दृष्टिले अत्यन्त महत्वपूर्ण बुद्ध जन्मस्थल लुम्बिनी र बुद्ध परिपथ (बुद्ध क्षेत्र) को पर्यटन प्रवर्द्धन तथा विकासमा सहकार्य गर्ने, विश्व शान्तिका लागि भगवान बुद्धका शान्ति सन्देश र मार्गदर्शनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचार—प्रसार गर्ने, साथै संस्थागत सम्बन्ध विस्तार गर्ने उद्देश्यका साथ गैरआवासीय नेपाली संघ (NRNA) र बुद्ध परिपथका नगरपालिकाबीच समझदारीपत्र (MoU) मार्फत सहकार्य हुँदै आएको छ।

यसै सन्दर्भमाः

१. विश्वभर रहेका नेपालीहरूलाई बुद्ध जन्मस्थल लुम्बिनी तथा बुद्ध परिपथको भ्रमण गर्न प्रोत्साहित गर्दै गैरआवासीय नेपाली संघमार्फत अभियान सञ्चालन गरिएको छ।

२. गैरआवासीय नेपाली संघले अन्तर्राष्ट्रिय समुदायलाई बुद्ध जन्मस्थल लुम्बिनी तथा बुद्ध परिपथबारे जानकारी गराउँदै, भ्रमणका लागि सहजीकरण, समन्वय बैठक, भेटघाट तथा अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

यसै क्रममा, यस वर्ष पनि NRNA Russia ले २५७० औं बुद्ध जयन्ती भव्य रूपमा मनाएको छ।

मस्कोबाट करिब १२० किलोमिटर टाढा कालुगा क्षेत्रस्थित ’नेपाल हाउस÷ मा सरसफाइ, दीप प्रज्वलन तथा विशेष कार्यक्रम आयोजना गरिएको थियो।

उक्त कार्यक्रममा मस्कोस्थित नेपाली राजदूतावासका कार्यवाहक राजदूत महेश्वर त्रिपाठी तथा रुसस्थित म्यानमार बौद्ध मठका प्रमुख भिक्षु आचार्यज्यूले भगवान बुद्ध तथा उहाँको दर्शनबारे प्रकाश पार्नुभएको थियो।

शान्ति, करुणा र अहिंसाको सन्देश फैलाउने यस पावन अवसरमा सम्पूर्ण नेपाली समुदाय एकताबद्ध भई सक्रिय सहभागिता जनाएको देखिन्छ।

यस कार्यक्रमको सफल आयोजनाका लागि गैरआवासीय नेपाली संघ (NRNA) प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौं।

**थ. नगर प्रहरी तर्फः**

**अ.** न्यायिक समितिमा परेका मुद्दा/निबेदन तथा विवादहरुः-

| मुद्दा,विवाद तथा पत्रहरुको बर्गिकरण | कुल मुद्दा तथा निरुपण भएका विवादहरुको संख्या |
|---|---|
| छलफलमा उपस्थित गराउने | ५४ |
| निर्माण कार्य रोक्का गराउने | १ |
| सहमति अनुसार कार्यान्यवन | ६ |
| बिबिध | १० |
| जम्मा | ७१ |

आ. माटो उत्खनन् अनुगमन तर्फः-

माटो उत्खनन् अनुगमनः-

| बिषय | संख्या | कै. |
|---|---|---|
| माटो उत्खनन् अनुगमन | ३०२ | |

प्रचलित कानुन विपरित माटो ओसारपोसार गरेकोले कारवाही गरी जरिवाना तिराएको:-

| वडागत विवरण | जरिवाना रकम | कै. |
|---|---|---|
| वडा नम्वर ९ | ७७,०५२.४८ | |
| वडा नम्वर १० | ४६,५५८ | |
| वडा नम्वर १२ | ३५१८० | |
| जम्मा रकम | १५८७९०.४८ | |

**सार्वजनिक सम्पत्तीको संरक्षण तथा अतिक्रमण हटाउने:**

| वडागत विवरण | संख्या | कै. |
|---|---|---|
| वडा नम्वर १ | १ | |
| वडा नम्वर २ | १ | |
| वडा नम्वर ३ | ० | |
| वडा नम्वर ४ | ० | |
| वडा नम्वर ५ | २ | |
| वडा नम्वर ६ | ० | |
| वडा नम्वर ७ | २ | |
| वडा नम्वर ८ | ५ | |
| वडा नम्वर ९ | ३ | |
| वडा नम्वर १० | २ | |
| वडा नम्वर ११ | १ | |
| वडा नम्वर १२ | १ | |
| वडा नम्वर १३ | ० | |
| जम्मा | १८ (स्थानमा) | |

**अन्य पत्र बमोजिम:**

| कारवाहीका लागि बुझाइएको कार्यालय | होन्डा मेसिन | कृषि मोटर | जम्मा |
| --- | --- | --- | --- |
| नगरपालिकाको कार्यालय तर्फ | ७ | ३ | |
| सम्बन्धित वडा कार्यालय तर्फ | २ | ८ | २० |

| बिषय | संख्या | कै. |
| --- | --- | --- |
| प्रशासन शाखा देखि आएका पत्रहरुको कार्यान्यवन | ६६ | |
| विविध | २ | |
| जम्मा | ६८ | |

**विपद व्यवस्थापन तर्फः-**

- विपदको कुल घटना संख्याः- १९
- आगलागि नियन्त्रणः-१९
- डुबेर मृत्युः-०
- नगर प्रहरी परिचालन :- ४८ जना
- **नगरपालिकाको सुचना विपरित धान रोपाईका लागि बोरिंग प्रयोग गरी पानी तान्ने काम गरेकालाई जफत गरी कारवाहीका लागि सिफारिसः**
  - जफत गरिएका कुल मेसिन/मोटरको संख्याः-२०वटा
  - कृषि मोटरः-११वटा
  - होन्डा मेसिनः-९वटा

**१५. वडा कार्यालय र स्वास्थ्य संघसंस्थाः**

**अ. वडा कार्यालयः**

**<u>क. वडा नं. १</u>**

| क्र.सं. | सिफारिसको विवरण | संख्या | कै. |
| --- | --- | --- | --- |
| १ | चारकिल्ला सिफारिस | ६२ | |
| २ | नाता प्रमाणित सिफारिस | ३० | |
| ३ | नागरिकता सिफारिस (वंशज, अंगीकृत र वैवाहिक अंगीकृत) | ५२ | |

| | | |
|---|---|---|
| ४ | जग्गा नामसारी सिफारिस | ० |
| ५ | वार्षिक आय सिफारिस | ० |
| ६ | विद्युत जडान | ० |
| ७ | कित्ता काट(बर्गीकरण) सिफारिस | ० |
| ८ | बाटो प्रमाणित | ० |
| ९ | अन्य सबै किसिमको सिफारिस | ३५६ |
| | जम्मा | ५०० |
| १० | जन्म | ३३ |
| ११ | मृत्यु | ६ |
| १२ | विवाह दर्ता | २४ |
| १३ | बसाईसराई | २ |
| | जम्मा | ६५ |
| १४ | जम्मा राजस्व संकलन | ३,२६,९२३.५८/- |

**ख. वडा नं. २**

**ग. वडा नं. ३**

| क्र.सं. | सिफारिसको विवरण | संख्या | कै. |
|---|---|---|---|
| १ | चारकिल्ला सिफारिस | ३० | |
| २ | नाता प्रमाणित सिफारिस | १५ | |
| ३ | नागरिकता सिफारिस (वंशज, अंगीकृत, बैबाहिक अंगीकृत प्रतिलिपी) | ३७ | |
| ४ | जग्गा नामसारी सिफारिस | ४ | |
| ५ | वार्षिक आय सिफारिस | २ | |
| ६ | विद्युत जडान | ५ | |
| ७ | अन्य सबै किसिमको सिफारिस | ३८८ | |

| | | |
|---|---|---|
| ८ | जम्मा | ४४८ |
| ९ | जन्म | ४९ |
| १० | मृत्यु | ७ |
| ११ | विवाह दर्ता | १५ |
| १२ | बसाईसराई | १ |
| | जम्मा | ७२ |
| १३ | जम्मा राजस्व संकलन | ५,८३,२९७.९५/- |

**घ. वडा नं. ४**

| क्र.सं. | सिफारिसको विवरण | संख्या | कै. |
|---|---|---|---|
| १ | सामाजिक सुरक्षा | ५९३ | |
| २ | नागरिकता | ९२ | |
| ३ | नाता प्रमाणित | ४४ | |
| ४ | अन्य सबै किसिमको सिफारिस | ३४७ | |
| | जम्मा | १०७६ | |
| १० | जन्म | ७४ | |
| ११ | मृत्यु | १० | |
| १२ | विवाह दर्ता | २८ | |
| १३ | बसाईसराई | १ | |
| | जम्मा | ११३ | |
| १४ | जम्मा राजस्व संकलन | ११,२७,११३.३०/- | |

**ङ. वडा नं. ५**

| **क्र.सं.** | **कार्यक्रम योजना** | **संख्या** | **कै.** |
|---|---|---|---|

| | | |
|---|---|---|
| १ | नागरिकता सिफारिस | ७२ |
| २ | चार किल्ला, नाता प्रमाणित लगायतका अन्य सिफारिस तथा सम्पूर्ण प्रमाणितहरु | ४०३ |
| ३ | **जम्मा** | ४७५ |
| ४ | जन्म दर्ता | ४२ |
| ५ | मृत्यु दर्ता | ९ |
| ६ | विवाह दर्ता | २७ |
| ७ | बसाईसराई आएको संख्या | - |
| | जम्मा | ७८ |

**च. वडा नं. ६**

| **क्र.सं.** | **कार्यक्रम योजना** | **संख्या** | **कै.** |
|---|---|---|---|
| १ | चार किल्ला | ५९ | |
| २ | घर बाटो प्रमाणित | १ | |
| ३ | नागरिकता सिफारिस | ७९ | |
| ४ | नाता प्रमाणित | ३९ | |
| ५ | अन्य सिफारिस | ३०४ | |
| | **जम्मा** | ४८२ | |

**व्यक्तिगत घटनादर्ताको विवरण**

| | | |
|---|---|---|
| १ | जन्म | १०५ |
| २ | मृत्यु | २२ |
| ३ | विवाह दर्ता | २३ |
| ४ | सम्वन्ध बिच्छेद | - |
| ५ | बसाईसराई आएको संख्या | ३ |

| | | |
|---|---|---|
| ६ | बसाईसरी गएको संख्या | ० |
| | जम्मा | १५३ |
| | जम्मा राजस्व संकलन | ३,३६,३७९.३/- |

## छ. वडा नं. ७

| क्र.सं. | कार्यक्रम योजना | संख्या | कै. |
|---|---|---|---|
| १ | चार किल्ला सिफारिस | ७६ | |
| २ | कित्ता काट (वर्गिकरण सिफारिस) | ९ | |
| ३ | नाता प्रमाणित सिफारिस | १२ | |
| ३ | अंग्रेजी भाषामा सिफारिस | ८ | |
| ४ | वार्षिक आयस्रोत प्रमाणित सिफारिस | ५ | |
| ५ | जग्गा नामसारी सिफारिस | ५ | |
| ६ | नागरिकता सिफारिस | १०० | |
| ७ | अन्य सबै किसिमको सिफारिस | २०९ | |
| | **जम्मा** | ४२४ | |

### व्यक्तिगत घटनादर्ताको विवरण

| | | |
|---|---|---|
| १ | जन्म दर्ता | ८० |
| २ | मृत्यु दर्ता | १ |
| ३ | विवाह दर्ता | २ |
| | जम्मा | ८३ |
| | जम्मा राजस्व संलन | ६,९२,१६७.५१/- |

## ज. वडा नं. ८

| क्र.सं. | कार्यक्रम योजना | संख्या | कै. |
| --- | --- | --- | --- |
| १ | चार किल्ला सिफारिस | ४१ | |
| २ | नाता प्रमाणित | २२ | |
| ३ | नामसारी सिफारिस | २ | |
| ४ | जग्गा वर्गीकरण सिफारिस | ४ | |
| ५ | मिटर जडान सिफारिस | २७ | |
| ६ | आय प्रमाणित सिफारिस | ४ | |
| ७ | नयाँ नागरिकता सिफारिस | ४९ | |
| ८ | नागरिकता प्रतिलिपी सिफारिस | २५ | |
| ९ | अन्य सबै किसिमको सिफारिस | १८० | |
| १० | **जम्मा** | ३८१ | |
| ११ | जन्म दर्ता | २४ | |
| १२ | मृत्यु दर्ता | ८ | |
| १३ | विवाह दर्ता | ९ | |
| १४ | बसाईसराई | १ | |
| १५ | सामाजिक सुरक्षामा नयाँ थप भएका | २ | |
| १६ | जम्मा राजस्व संकलन | १,३८,७९५/- | |

**झ. वडा नं. ९**

**ञ. वडा नं. १०**

| क्र.सं. | सिफारिसको विवरण | संख्या | कैफियत |
| --- | --- | --- | --- |
| १ | नागरिकता सिफारिस | ८१ | |

| | | |
|---|---|---|
| २ | अन्य सिफारिस | ५६९ |
| ३ | योजना कार्यान्वयन | ५ |
| ४ | कार्यक्रम कार्यान्वय | ० |
| ८ | जन्म दर्ता | १२१ |
| ९ | मृत्यु दर्ता | ९ |
| १० | विवाह दर्ता | २० |
| ११ | बसाईसराई | १ |
| १२ | सम्बन्ध बिच्छेद | |
| १३ | नविकरण सामाजिक सुरक्षा | २६७ |
| १४ | लगत कट्टा | ५ |
| १५ | नयाँ दर्ता | २० |
| १६ | वडा समितिको बैठक | १४ |
| १६ | राजस्व संकलन | २८४,७९९.६५/- |

**ट. वडा नं. ११ तर्फ**

| क्र.सं. | सिफारिसको विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न नयाँ दर्ता भएका लाभग्राहीको संख्या | १० | |
| २ | नागरिकता सिफारिस | ९५ | |
| ३ | नागरिकता प्रतिलिपी सिफारिस | ४५ | |
| ४ | चारकिल्ला सिफारिस | १२८ | |
| ५ | नाता प्रमाणित | ३० | |
| ६ | तमसुक दर्ता | १४ | |
| ७ | अन्य सिफारिस | ५०६ | |

| | | |
|---|---|---|
| ८ | जन्मदर्ता | ६७ |
| ९ | मृत्युदर्ता | ११ |
| १० | विवाहदर्ता | २७ |
| ११ | बसाईसराई | ३ |
| १२ | सम्बन्ध बिच्छेद | |
| १३ | नविकरण सामाजिक सुरक्षा | २६७ |
| १४ | लगत कट्टा | ५ |
| १५ | नयाँ दर्ता | २० |
| १६ | वडा समितिको बैठक | १४ |
| १७ | राजस्व संकलन | ३,१७,७४७/- |

**ठ. वडा नं. १२**

**ड. वडा नं. १३**

| क्र.सं. | कार्यक्रम योजना | संख्या | कै. |
|---|---|---|---|
| १ | चार किल्ला सिफारिस | ३४ | |
| २ | नाता प्रमाणित सिफारिस | ३० | |
| ३ | नागरिकता सिफारिस (वंशज अंगीकृत र वैवाहिक अगिंकृत) | ४१ | |
| ४ | जग्गा नामसारी सिफारिस | १० | |
| ५ | वार्षिक आय प्रमाणित | ३ | |
| ६ | विद्युत जडान | ९ | |
| ७ | कित्ता काट वर्गिकरण सिफारिस | ० | |
| ८ | बाटो प्रमाणित | ० | |
| ९ | अन्य सबै किसिमको सिफारिस | २०७ | |

| | | |
|---|---|---|
| १० | **जम्मा** | ३३४ |
| | **व्यक्तिगत घटनादर्ताको विवरण** | |
| ११ | जन्म दर्ता | ४८ |
| १२ | मृत्यु दर्ता | २५ |
| १३ | विवाह दर्ता | १७ |
| १४ | बसाईसराई | ० |
| १५ | जम्मा | ९० |
| १६ | जम्मा राजस्व संलन | ६,११,५४९.३५/- |

**आ. स्वास्थ्य संघ संस्थाः**

**क. आधारभुत स्वास्थ्य केन्द्र अमारीको चौमासिक विवरण**

**१. सम्पादित भएका कार्यहरुः-**

- ३० वर्ष माथिका NCD रोगको निःशुल्क स्क्रीनिङ शिविर
- खोप समन्वय समितिलाई अभिमुखीकरण कार्यक्रम
- पूर्ण खोप सुनिश्चितता तथा दिगोपन सम्वन्धी अभिमुखिकरण
- पूर्ण खोप वडा घोषणा कार्यक्रम
- महिलाहरुको पाठेघर को VIA Test सम्वन्धी शिबिर
- ५ वर्ष मुनीका बालबालिकाहरुको पोषण जाँच
- पोषिलो आहार प्रदर्शन कार्यक्रम अमारीमा
- सेवा प्रदान गरेको परिणाम
- ओ.पि.डी. सेवा नयाँ ५६६४
- परिवार नियोजन सेवा
- कन्डम वितरण ११२०
- नयाँ पिल्स ३८ जना
- पिल्स प्रयोगकर्ता २४६
- डिपो न्यू ५६
- लगातार प्रयोगकर्ता ७१७
- मलेरिया परीक्षण ३४ जना

- क्षयरोगी संख्या - ९
- म.स्वा.स्व.से.सेवा - १३४४
- IMCI सेवा - २५७
- पोषण
- ० देखि ११ महिना - ८१
- १२ - २३ महिना - १५६
- सुरक्षित मातृत्व सेवा
- ANC Any Time – १६१
- 1st ANC (16 wks) – ९७
- PMTCT Test – १६१

**ख. मसिना स्वास्थ्य चौकीः**

**१. सम्पादित भएका कार्यहरुः-**

- प्रशासनिक कार्य - १०० %
- ओ.पि.डि सेवा - २३१२ जना
- खोप सेवा - ३६० जना
- गाँउ घर क्लिनिक सेवा - २३९ जना
- परिवार योजना सेवा - २९० जना
- ANC सेवा - २०१ जना
- PNC सेवा - १० जना
- क्षयरोग सेवा - ६ जना
- नसर्ने रोग जाँच (३० वर्ष माथि) - ५७७ जना
- पोषण लेखाजोखा (५ वर्ष मुनि) - ६९५ जना
- महिला सामुदायिक स्वास्थ्य स्वंम सेविकाले दिएको सेवा - ११८८ जना
- पोषिलो आहार प्रदर्शन - ७५ जना
- राष्ट्रिय भिटामिन ए तथा जुकाको औषधी खुवाएको — ४१७२ जना
- CBIMNCI कार्यक्रम सेवा - १३९ जना
- DHIS 2, PAMSv2, ETB कार्यक्रम
  - **HP-MSS कार्यक्रम**

| खण्ड - १ सुशासन र व्यवस्थापन स्कोर | खण्ड - २ क्लिनिकल सेवा व्यवस्थापन स्कोर | खण्ड - ३ स्वास्थ्य चौकी सहयोग व्यवस्थापन स्कोर | कुल HP-MSS स्कोर |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ८२% | ७१% | ८०% | ७३% |

## ग. शहरी स्वास्थ्य केन्द्रको चौमासिक विवरण

### १. सम्पादित भएका कार्यहरुः-

- प्रशासनिक कार्य
- खोप सेवा
- नवजात शिशु तथा वालरोगको एकीकृत व्यवस्थापन
- पोषण सेवा
- कुपोषण भएका बच्चाहरुको उपचार तथा अनुगमन
- स्वास्थ्य शिक्षा
- सुरक्षित मातृत्व सेवा
- परिवार योजना सेवा
- औलो वितरण सेवा
- कुष्ठरोग वितरण कार्यक्रम
- क्षयरोग वितरण कार्यक्रम
- ओ.पि.डि. सेवा
- ३० वर्ष माथिका नागरिकहरुको नसर्ने रोगहरु शिविर
- पोषिलो आहार प्रदर्शन
- राष्ट्रिय भिटामिन A र जुकाको औषधी खुवाउने कार्यक्रम
- DHIS2
- PAMS V2
- ETB

### २. सेवा प्रदान गरेको परिणामः

| क्र.स. | सेवाको विवरण | सेवाग्राहीको संख्या |
|---|---|---|
| १ | जम्मा सेवाग्राही | १५२२ |
| २ | OPD | ९८२ |
| ३ | FCHV बाट सेवा पाएका सेवाग्राही | ८९ |
| ४ | CBIMNCI बाट सेवा पाएका सेवाग्राही | १२२ |

| | | |
|---|---|---|
| ५ | जुनसुकै समयमा ANC जाँच गरेका गर्भवतीको संख्या | ३२ |
| ६ | ४ पटक गर्भवती जाँच गरेका गर्भवतीको संख्या | १५ |
| ७ | क्षयरोगका जम्मा नयाँ बिरामी | २ |
| ८ | हाल अपनाई रहेका पिल्स | ३९ |
| ९ | हाल अपनाई रहेका डिपो | ९० |
| १० | वृद्धि अनुगमन | १० |
| ११ | नसर्ने रोगको screening | ४२१ |
| १२ | HIV testing and counselling | ३४ |
| १३ | PNC Service | २४ |
| १४ | मलेरिया जाँच | ९२ |
| १५ | Condom Distributtion | ९०० |

**३. HP-MSS कार्यक्रम**

| खण्ड - १ सुशासन र व्यवस्थापन स्कोर | खण्ड - २ क्लिनिकल सेवा व्यवस्थापन स्कोर | खण्ड - १ स्वास्थ्य चौकी सहयोग तथा व्यवस्थापन | कुल HP-MSS स्कोर |
|---|---|---|---|
| **५० %** | **५२ %** | **५३ %** | **५३%** |

१६. <u>सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः</u>

**क. सूचनाको हक बमोजिम माग भएको सूचना मागका निवेदनहरु र उपलब्धताको अवस्थाः**

| क्र.सं. | हुलाकद्धारा माग भई आएको | प्रत्यक्ष निवेदन | ईमेलबाट | अन्य | कैफियत |
|---|---|---|---|---|---|
| १ | ० | ० | ४ | ० | ० |

ख. **विभिन्न माध्यमबाट यस कार्यालय वा अन्तर्गत दर्ता उजुरी विवरणः**

| क्र.सं. | हेलो सरकार | अख्तियार | उजुरी पेटिका | अन्य | कैफियत |
|---|---|---|---|---|---|
| १ | ३२ | ७ | - | | |

१७. **सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरणः**

यस कार्यालयबाट प्रकाशन हुने प्रत्येक सूचनाहरु कार्यालयको सूचना पाटी, कार्यालयको वेभसाइट र सामाजिक संजाल फेसबुक मार्फत सार्वजनिक गरिएको ।

**Website: https://lumbinisanskritikmun.gov.np/**

**Facebook Page: https://www.facebook.com/lumbinisanskritik/**